म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८३ मंगलबार, ५ फागुन २०८२ ने. सं. ११४६ सिल्लागा 17 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

मकवानपुरमा निर्वाचन तयारी तीव्र

# खर्च व्यवस्थापन, पुन:प्रयोगयोग्य सामग्री प्राथमिकतामा

मनिल महतो

हेटौंडा, ४ फागुन/ मकवानपुरमा फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्ष्य गर्दै तयारी तीव्र पारिएको छ ।

प्रदेश निर्वाचन कार्यालय हेटौंडाले विगतका निर्वाचनमा प्रयोग भएका मतपेटिकालाई पुन:प्रयोगमा ल्याउने प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिए । उनका अनुसार मतपेटिका सफाइ, मर्मत तथा प्राविधिक परीक्षणको कार्यलाई अन्तिमचरणमा पुऱ्याइएको छ । प्रदेश निर्वाचन कार्यालय परिसरमा कर्मचारीहरु पुराना मतपेटिका धुने, सुकाउने, आवश्यक भाग मर्मत गर्ने तथा ताला-सिल परीक्षण गर्ने कार्यमा व्यस्त भएको निर्वाचन अधिकारी ढकालले जनाए । ढकालका अनुसार स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै खर्च व्यवस्थापनलाई ध्यानमा राखी पुन: प्रयोगयोग्य सामग्रीलाई प्राथमिकता दिइएको हो ।

निर्वाचन कार्यालयका अनुसार एक मतदान केन्द्रमा कम्तिमा ५२ प्रकारका सामग्री आवश्यक पर्छन् । ती सामग्रीलाई केन्द्रअनुसार छुट्टाछुट्टै प्याकेजिङ गरी सूचीबद्ध रुपमा तयार पारिँदै छ । प्रत्यक्षतर्फ ४३ लिटर र समानुपातिकतर्फ ८५ लिटर क्षमताका दुई मतपेटिका प्रत्येक मतदान केन्द्रमा पठाइने छन् भने एक जगेडासहित तीनवटा मतपेटिका व्यवस्था गरिएको छ । यसका अतिरिक्त मतपत्र, मतदाता नामावली, छाप, स्ट्याम्प प्याड, रजिस्टर, फाराम, गोपनीयता पर्दा, सुरक्षा सिल, ट्याग, मसी, स्टिकर, मतदानकक्ष संकेत बोर्ड, निर्देशन पुस्तिकालगायत सामग्री क्रमश: तयारी अवस्थामा रहेको कार्यालयले जनाएको छ ।



मतदानको दिन कुनै सामग्री अभाव नहोस् भन्ने उद्देश्यले प्रत्येक केन्द्रका लागि आवश्यक सामग्रीको पुन:जाँच (क्रसचेक) गरिने व्यवस्था मिलाइएको छ । निर्वाचन आचारसंहिता पूर्णरुपमा कार्यान्वयन भइरहेको र हालसम्म कुनै गम्भीर उजुरी नआएको प्रदेश निर्वाचन अधिकारी ढकालले जानकारी दिए । निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दल तथा उम्मेदवारको प्रचारप्रसार, सार्वजनिक सभा, जुलुस, सामाजिक सञ्जाल प्रयोग, खर्चविवरण तथा अन्य गतिविधिमाथि विशेष निगरानी राखिएको उनले बताए । 'आचार संहिता उल्लङ्घनसम्बन्धी सूचना प्राप्त भएमा तत्काल छानबीन गरी आवश्यक निर्देशन वा कारबाही गर्ने संयन्त्र सक्रिय अवस्थामा छ', ढकालले भने, 'निष्पक्ष, स्वच्छ र मर्यादित निर्वाचन सम्पन्न गराउन आयोग पूर्णप्रतिबद्ध छ ।'

प्रदेश निर्वाचन कार्यालयले जिल्लाका सबै स्थानीय तह, निर्वाचन फोकल पर्सन, प्रशासन तथा सुरक्षा निकायसँग दैनिक समन्वय बैठक गर्दै अनुगमनकार्य अघि बढाइरहेको जनाएको छ । मकवानपुरका १७६ मतदानस्थलअन्तर्गत् ३७४ मतदान केन्द्रमा स्वयंसेवकसहित तीन हजार ३६६ कर्मचारी परिचालन गरिने भएका छन् । निर्वाचनअवधिभर दुई हजार २४४ कर्मचारी र एक हजार १२२ जना स्वयंसेवक खटिने प्रदेश निर्वाचन अधिकारी ढकालले जानकारी दिए । प्रत्येक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृतसहित आयोगबाट छ जना कर्मचारी खटाइनेछन् । मतदानस्थलमा तीनजना स्वयंसेवक परिचालन गरिने व्यवस्था गरिएको छ ।

जनशक्ति व्यवस्थापनको कार्य अन्तिमचरणमा पुगेको र खटाइने कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ । निर्वाचन शान्तिपूर्ण, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन करिब चार हजार २०० सुरक्षाकर्मी परिचालन गरिने तयारी गरिएको छ । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी (जनपथ) तथा करिब दुई हजार २०० निर्वाचन प्रहरी परिचालन गरिनेछन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले जनपथ प्रहरीको एकिन संख्या केही दिनमै टुङ्गो लाग्ने जानकारी दिए ।

सुरक्षा निकायले संवेदनशील क्षेत्रमा विशेष निगरानी, नियमित गस्ती तथा प्रचारप्रसार गतिविधिको अनुगमन गर्ने जनाएको छ । जिल्लामा कुल १६७ मतदानस्थलमध्ये १९ अतिसंवेदनशील, ६० संवेदनशील र ८८ सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ । अतिसंवेदनशील सूचीमा २६ मतदान केन्द्र परेका छन् । बकैया गाउँपालिकामा पाँच मतदानस्थल अतिसंवेदनशील रहेका छन् भने राक्सिराङ, बागमती, भीमफेदी, मनहरी र कैलाश गाउँपालिकाका केही स्थल पनि यो सूचीमा समावेश छन् । संयुक्त अनुगमन टोलीले मतदानस्थलको भौतिक अवस्था, पहुँचमार्ग, सञ्चार सम्पर्क, मतदानकक्ष व्यवस्थापन तथा सुरक्षा संवेदनशीलताको मूल्यांकन गरिसकेको छ ।

भीमफेदीको एक मतदानस्थलमा सडक पहुँच नभएकाले पैदलमार्ग प्रयोग गर्नुपर्ने अवस्था रहेको प्रअ अधिकारीले बताए । दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा कुल तीन लाख १५ हजार ३३४ मतदाता रहेका छन् । मतदाता शिक्षालाई प्रभावकारी बनाउन स्थानीय तह र सरोकारवाला निकायमार्फत् सचेतना कार्यक्रम सञ्चालन भइरहेका छन् । आयोगले स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा निर्वाचन सम्पन्न गराउन सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको जनाएको छ ।

# राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग हुने गरेकोप्रति चिन्ता व्यक्त




साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ निर्वाचन सन्दर्भमा बालअधिकारको संरक्षणका लागि सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम गरिएको छ ।

बागमती प्रदेशसभा उपसभामुख अप्सरा चापागाईंको प्रमुख आतिथ्यतामा इन्सेक, हिमाली नवीन समाज र बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको आयोजनामा कार्यक्रम भएको हो । कार्यक्रममा बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) का अध्यक्ष तिलोत्तम पौडेलले निर्वाचनमा बालअधिकार संरक्षणसम्बन्धी प्रस्तुतीकरण गरे । उनले विद्यमान कानुनी व्यवस्था, बालअधिकारसम्बन्धी प्रावधान, निर्वाचन आचारसंहिता २०८२ मा उल्लेखित व्यवस्था, सबैले पालना गर्नुपर्ने आचरण, स्वयम् बालबालिकाको भूमिका, अभिभावकको भूमिका, निर्वाचन आयोगको भूमिका तथा राजनीतिक दल र उम्मेदवारको भूमिकालगायत विषय प्रस्तूतीकरणमा समेटेका थिए ।

प्रस्तुतीकरणमा देशभर रहेका कुल १० हजार ७ सय ५४ मतदान केन्द्रमध्ये ९ हजार ४ सय ३३ वटा विद्यालयमा रहेको बताइएको छ । ९५ वटा मतदान केन्द्र स्वास्थ्य संस्थामा र १ हजार २ सय २६ वटा अन्य स्थानमा रहेको जनाइएको छ । निर्वाचनका समयमा बालबालिकाको प्रयोग नगराउने प्रतिबद्धता राजनीतिक दलले जनाएपनि व्यवहारमा राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग हुने गरेकोप्रति चिन्ता व्यक्त गरिएको छ । बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियानले २०७९ सालको निर्वाचनमा १ सय १५ बालबालिका प्रयोग सम्बन्धी घटना संकलन गरेको जानकारी दिएको छ । कार्यक्रमका सहभागीले विद्यालयमा मतदान केन्द्र राखिएको विषय गम्भीररुपमा उठाएका थिए ।

कार्यक्रमको प्रमुखअतिथि उपसभामुख चापागाईंले विद्यालयलाई विद्यालयकै रुपमा स्थापित गराउनका लागि रणनीतिक हिसाबले अगाडि बढ्नुपर्ने बताइन् । विद्यालयलाई मतदान केन्द्र बनाउने कार्य बिस्तारै हटाउन आवश्यक रहेको उनको धारणा थियो । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले विद्यालयमा मतदान केन्द्र नराखी सामुदायिक भवनमा राख्नुपर्ने बताउँदै सरोकार वालाले विद्यालयको विकल्प खोज्नुपर्ने धारणा व्यक्त गरिन् । सरोकार वालाले सुविधा र पहुँचका दुष्टिले विद्यालयलाई मतदान केन्द्र बनाइएपनि यसले बालबालिकाको शिक्षा, बालमनोविज्ञानमा असर पर्ने बताएका छन् । विद्यालयलाई मतदान केन्द्र बनाउँदा ४/५ दिन पठनपाठन कार्य प्रभावित हुने भएकाले सामुदायिक भवन, वडा कार्यालय, सार्वजनिक सभाहलको प्रयोग गरिनुपर्नेमा उनीहरुको जोड थियो ।

कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, सरोकारवाला निकायले बालअधिकारको संरक्षण, सम्बद्धन र प्रवर्द्धन सुनिश्चित गर्न, निर्वाचनमा बालबालिका प्रयोग नगर्न र नगराउन प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्दै प्रतिबद्धता जनाएका छन् । कार्यक्रममा राप्रपा जिल्ला उपाध्यक्ष अर्जुन गौतम, नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, नेकपा एमाले जिल्ला सचिव सीता बिष्ट, नेपाली कांग्रेस पार्टी प्रवक्ता अर्जुन चौलागाईंले प्रतिबद्धता मन्तव्य राखे । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, गैरसरकारी संस्था (गैसस) तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

# स्वास्थ्य तथा शैक्षिक सामग्री वितरण



साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ विन्दवासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९.६ मेगाहर्ज हेटौंडाको आयोजनामा स्वास्थ्य तथा शैक्षिक सामग्री र आयोनुन वितरण गरिएको छ ।

रेडियोले १८ औं वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत सोमबार चौथो दिन मकवानपुरगढी गाउँपालिका-५, बुङ्दलस्थित सरस्वती प्राथमिक विद्यालयमा पुगेर बालबालिकालाई सामग्री वितरण गरेको हो । कार्यक्रम रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीको सभाध्यक्षता एवम् साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड हेटौंडाका प्रमुख मधुसुधन अधिकारीको प्रमुख आतिथ्यतामा वितरण गरिएको हो । कर्पोरेशनका प्रमुख अधिकारीले नुनको सही प्रयोग गर्न आवश्यक रहेकोमा जोड दिए । आयोडिनयुक्त नुनको सही प्रयोगले कुनै स्वास्थ्य समस्या नआउने र दुई बालबालिका अंकित आयोडिनयुक्त नुन सेवन गर्न आग्रह गरे ।

राजन अनुरागले स्वागत गरेको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुनबहादुर रुम्बा, विद्यालयका प्रध्यानाध्यापक चर्तुभूज पौडेल, कर्पोरेशनका प्रतिनिधि बासुराम अधिकारीलगायत शिक्षक एवम् अभिभावकको उपस्थिति थियो । कर्पोरेशन, निको हस्पिटल/तमु फार्मेसी, पूर्वविद्यार्थी दिलकुमार भोम्जन (राजेन्द्र) र रुपक भट्ट लगायतबाट स्वास्थ्य तथा शैक्षिक सामग्री सहयोग प्राप्त भएको थियो । रेडियोले वार्षिकोत्सवको अवसरमा फागुन १ गते हेटौंडा उपमहानगर पालिका वडा नम्वर १, स्थित नेपाल फलफूल तथा तरकारी बजारमा सर सफाई गरेको थियो ।

फागुन २ गते हेटौंडा-४ हुप्राचौरमा पत्रकार महिला र अधिकारकर्मी महिलाबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिताको आयोजना गरेको थियो भने हिजो फागुन ३ गते थाहादर्शन कार्यक्रमको आयोजना गरेको थियो । यस्तै, भोलि फागुन ५ गते श्रोतामिलान कार्यक्रम, फागुन ६ गते हेटौंडा ऐकेडेमीको सहकार्यमा बालसाहित्य कार्यक्रम र फागुन ७ गते थाहा वर्ष सम्मान तथा समापन समारोह हुनेछ ।

# निर्वाचनका लागि ६ सय ७१ उम्मेदवारले मात्रै खोले बैंक खाता




साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ निर्वाचन प्रचारप्रसारका लागि आवश्यक रकम खर्च गर्नको लागि हालसम्म ६ सय ७१ उम्मेदवारले मात्रै बैंकखाता खोलेका छन् ।

कुल ३ हजार ४ सय ६ जना उम्मेदवारमध्ये ६ सय ७१ जनाले बैंकखाता खोलेको निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिएका छन् । यो कुल उम्मेद्वारको करिव २० प्रतिशत हो । राजनीतिक दल तथा उम्मेदवारले प्रचारप्रसारका लागि आवश्यक रकम अनिवार्यरुपमा बैंक खातामार्फत् जम्मा र खर्च गर्नुपर्ने व्यवस्था आयोगले गरेको छ । प्रवक्ता भट्टराईका अनुसार आयोगको अनुरोधमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई उम्मेद्वारको बैंक खाता खोल्नको लागि सहजीकरण गर्न परिपत्र गरेको छ । हाल देशभर राजनीतिक दल र उम्मेदवारले बैंकखाता खोल्ने प्रक्रिया अघि बढाएको उनले जानकारी दिए ।

उम्मेदवारलाई खाता खोल्ने क्रममा देखिएका समस्याका बारेमा बैंक तथा वित्तीय संस्थाबाट जानकारी संकलन गरी आयोगले आवश्यक सहजीकरण गर्ने उनले बताए । उनकाअनुसार खोलिएका खाताको सञ्चालन प्रयोजन, व्यवस्थापन प्रक्रिया र बैंकहरुले निर्वाह गर्नुपर्ने सहजीकरणबारे स्पष्टता दिन आयोगले सोमबार छलफल कार्यक्रम आयोजना गरेको थियो । बैंक तथा वित्तीय संस्थाले निर्वाचन खर्च पारदर्शी र व्यवस्थित बनाउन लागू गरिएको बैंकखाता प्रणालीमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् । वित्तीय सुशासन कायम गर्ने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाले आयोगको अपेक्षा अनुसारको नै सहयोग गरेको उनको भनाई छ ।

'निर्वाचन प्रचारप्रसार गर्नको लागि आवश्यक रकम राजनीतिक दल तथा उम्मेद्वारले बैंकखातामा जम्मा गर्ने र बैंकखाता मार्फत नै खर्च गर्नेगरी निर्वाचन आयोगले यो भन्दा पहिला नै काम अगाडि बढाइसकेको थियो । सोहीअनुसार निर्वाचन आयोगको अनुरोधमा नेपाल राष्ट्र बैंकबाट बैक तथा वित्तिय संस्थालाई परिपत्र भएर अहिले बैंकमा राजनीतिक दल र उम्मेद्वारले खाता खोल्ने क्रम जारी छ । बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुले हालसम्म दिएको तथ्यांक अनुसार कुन ३ हजार ४ सय ६ जना उम्मेद्वारमध्ये ६७१ जनाले बैंकमा खाता खोलेका छन् ।

बाँकीलाई बैंकखाता खोल्ने कुरामा परेका समस्या बैंक तथा वित्तीय संस्थाबाट बुझ्ने र त्यो काममा आयोगका तर्फबाट सहजीकरण गर्ने र त्यसरी खोलिएको बैंकखाताको सञ्चालन प्रयोजनको के हो ? त्यसलाई सञ्चालन व्यवस्थापन गर्दा बैंक तथा वित्तिय संस्थाले गर्नुपर्ने सहजीकरण केके हो ? भन्ने विषयमा जानकारी दिनलाई र यो विषयमा केही सुझाव भएमा हामीले प्राप्त गर्नको लागि छलफल कार्यक्रम आयोजना गरिएको थियो । त्यसमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर र अर्थमन्त्रालयका सहसचिवको उपस्थिति रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# स्थानीय तहमा जिम्मेवारी

चेपाङ समुदायको जीवनचर्यालाई परिवर्तन गर्न सरकारले बिभिन्न काम गर्दै आएको छ । त्यसो त नेपालका अतिसीमान्तकृत, लोपोन्मुख आदिबासी जनजातिका लागि भनेर जनता आवास कार्यक्रम पनि संचालन गरेको हो । आर्थिक वर्ष २०६६/६७ मा सुरु भएको जनता आवास कार्यक्रमले पुस्तौंदेखि असुरक्षित झुपडीमा बस्दै आएका चेपाङलगायत सीमान्तकृत बर्गका परिवारलाई जस्तापाताको छानामुनि राख्न थालियो । राज्य पुनर्संरचनापछि बागमती प्रदेश सरकारले वि.सं. २०७७ देखि एकीकृत बस्ती विकास कार्यक्रम ल्याएर समेट्ने प्रयास गर्‍यो । आव २०७९/८० देखि संघीय विशेष अनुदानमार्फत् चेपाङ, वनकरिया, माझी र बोटे एकीकृत बस्ती विकास तथा आवास निर्माण गर्दै आएको छ । उनीहरुको गरिबीको व्यथा भने उस्तै रह्यो । विगतका आवास कार्यक्रमले घर दियो तर, जीविकोपार्जन दिएन । आवास निर्माणपछि भुक्तानी सास्ती छदैंछ । यही कमजोरीलाई सच्याउँदै बागमती प्रदेश सरकारले अब चेपाङ आवास कार्यक्रमको जिम्मेवारी स्थानीय तहलाई दिने र आवासलाई प्रत्यक्षरुपमा आयआर्जनसँग जोड्ने निष्कर्षमा पुगेको छ । अब यो कार्यक्रम भवन निर्माणमा मात्र सीमित नभई उत्पादन र आयआर्जनको माध्यम बन्नुपर्नेमा जोड दिँदै बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले स्थानीय तहका जनप्रतिनिधि, नेपाल चेपाङ संघ र सरोकारवालासँग छलफल गरेका छन् ।

मन्त्रालयको नयाँ योजना छलफलका क्रममा मन्त्री डा. देवकोटाले विगतमा केन्द्रिकृत रहेको अधिकार अब स्थानीय तहमै हस्तान्तरण गरिने बताए । हिजो केन्द्रले अधिकार समाएर बस्यो, पछि प्रदेशमा आयो । घर बनाउने जिम्मा स्थानीय सरकारलाई नै दिने तयारी प्रदेश सरकार पुगेको छ । नयाँ मोडालिटी अनुसार, प्रदेश सरकारले निश्चित प्रतिशत अनुदान उपलब्ध गराउने र बाँकी लागत सहभागिता रकम स्थानीय तहले बेहोर्ने गरी साझेदारी मोडल तयार गरिँदैछ । स्थानीय तहले व्यहोर्ने गरी जाँदा स्थानीय सरकारको अपनत्व हुन्छ । यसले घर निर्माणसँगै उनीहरुको रोजगारी र आयआर्जनको जिम्मा लिन स्थानीय तहलाई सजिलो हुन्छ । आगामी फागुन-चैतसम्म कानुनी सुधारलाई अन्तिमरुप दिएर पालिकाहरुबाट माग संकलन गरिनेछ । आउँदो बजेटमा सोहीअनुसार रकम विनियोजन गर्न सकियोस् भन्ने लक्ष्य प्रदेश सरकारले लिएको हो । पुल्चोक इन्जिनियरिङ क्याम्पसका विद्यार्थीले तयार पारेको डिजाइन र अनुसन्धानलाई आधार मानेर बस्ती विकास गर्न सकिने बताइएको छ । आवास निर्माणमा सीमित नराखी जीविकोपार्जनसँग जोड्नुपर्ने र स्पष्ट कार्यविधि तयार पारेर स्थानीय तहले अपनत्व लिन सरोकारवालाको एकमत छन् । नेपाल चेपाङ संघले पहुँचवाला र पक्की घर हुनेले दोहोरो सुविधा लिँदा वास्तविक गरिब अझै ओडारमै रहेको गुनासो गरेको छ । मन्त्री र सचिव फेरिएपिच्छे कार्यविधि फेर्ने प्रवृत्ति अन्त्य गर्दै कम्तिमा ३ वर्षे योजना बनाएर स्थानीय तह र संघको समन्वयमा वास्तविक लाभग्राही छनोट गर्नुपर्ने उनीहरुको सुझाव छ । माडी नगर प्रमुख ताराकुमारी महतोले आवासलाई उत्पादनसँग जोड्न घरको डिजाइनमै परिवर्तन गर्नुपर्ने बताइन् । माडीको अनुभव सुनाउँदै महतोले जंगलबाट बस्तीमा ल्याएका चेपाङ परिवारलाई सुरुमा पेसा परिवर्तन गर्न गाह्रो भएको बताइन् ।

प्रदेश सरकारले आवास बनाउँदा खोरसुधार र पशुपालनका लागि पनि बजेटको व्यवस्था गरिदिनुपर्ने माग छ । राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले भौगोलिक अवस्था र चेपाङको परम्परागत सीपअनुसारको आयआर्जन कार्यक्रम लागू गर्नुपर्ने बताए । घरमात्र बनाइदिएर हुँदैन, उनीहरुले के खाएर बाँच्ने ? अब घर हस्तान्तरण गर्दा उनीहरुलाई बाख्राका पाठा, स्थानीय कुखुरा, तरकारीको बीउ वा सीपमूलक तालिम पनि प्याकेजमै दिनुपर्छ भन्ने आवाज उठेको छ । प्रदेशले बजेट बन्नु अगाडि नै स्पष्ट कार्यविधि पठाए बजेटबाटै २० देखि ३० प्रतिशत रकम विनियोजन गर्न सक्ने बताए । आवास निर्माणका लागि मन्त्रालयले एकघरका लागि ४ लाख उपलब्ध गराउँदै आएको छ । सम्झौतापश्चात पहिलो किस्ता २० प्रतिशत, दोस्रो सिललेवल तयारपछि ६० प्रतिशत र छाना छाएपछि २० प्रतिशत गरी जिल्लाको सहरी विकास तथा भवन कार्यालयबाट भूक्तानी दिँदै आएको छ । प्रदेश सरकारले पछिल्लो तीन वर्षमा ३५ करोडको लागतमा मकवानपुर, चितवन र धादिङमा ४१२ वटा घर निर्माण गरी हस्तान्तरण गरिसकेको छ । चालु आर्थिक वर्षमा सिन्धुली जिल्ला थप गरी कुल ३ करोड ७८ लाख विनियोजित बजेटबाट ९४ घर बनाउने लक्ष्य राखिएकोमा २२ वटा सम्पन्न भइसकेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन ६ गते बुधबार १८ फेब्रुअरी २०२६ । प्रतिपदा, फागुन शुक्लपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४१ सूर्यास्त ५:५६ । ग्याल्पो ल्होसार ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्य बिग्रन सक्ने | **तुला** | : निर्माण कार्यमा प्रगति |
| **वृष** | : रमाइलोगरि समय बित्ने | **वृश्चिक** | : सामाजिक काममा सफलता |
| **मिथुन** | : राजनीतिमा प्रगति हुने | **धनु** | : सन्तानबाट खुशी मिल्ने |
| **कर्कट** | : शारीरिक परिश्रम गर्नुपर्ने | **मकर** | : व्यापारमा केही हानि हुने |
| **सिंह** | : पढाइमा प्रगति हुने | **कुम्भ** | : शत्रु पराजित हुने |
| **कन्या** | : विश्वासमा संकट आउने | **मीन** | : मानसम्मान बढ्ने |

# डिजिटल मासुभातको युगमा हामी पत्रकार



✍ बसन्त बस्नेत

एमाले महाधिवेशन सकिनेबित्तिकै अध्यक्ष केपी ओलीले प्रेस स्वतन्त्रता संकटमा परेको अभिव्यक्ति दिँदासम्म उनी कुन नियतका साथ यसो भनिरहेका छन् भनी आशंका गर्ने ठाउँ थियो । ओली दोस्रोपल्ट प्रधानमन्त्री रहेका बेला ०७६ सालमा पहिलोपटक, अनि ०८१ मा दोस्रोपल्ट प्रेसलाई कस्न खोजिएको दृष्टान्त हामीसँग थियो । कतिसम्म भने ०७७ माघ १८ गते उनी चितवन भरतपुर विमानस्थलमा हेलिकप्टर चढेर पुग्दा त्यहाँ उपस्थित पत्रकार शान्ता अधिकारीले ओढेर आएको कालो रंगको सल समेत खोल्न लगाइयो । कालो रंगलाई विरोधको प्रतीक हुन सक्ने मानेर यस्तो गरि एको थियो । सूचना प्रविधि विधेयक र मिडिया काउन्सिल विधेयकमा राख्न खोजिएका व्यवस्था, अनि सामाजिक सन्जाल प्रतिबन्धसँगै जोडिएको जेनजी विद्रोहले विगतको ओली शासनको सामान्य शैलीबारे झलक दिन्छन् । तर एक महिनाअघि कोटेश्वरको एक रेस्टुरेन्टमा सम्पादकहरूसँग अध्यक्ष ओलीले पत्रकारिताबारे अनौठोसँग चिन्ता व्यक्त गरे । उनले सम्पादकहरू खुलेर लेख्न बोल्न नसकिरहेको टिप्पणी गरे । ओली केही न केही बोलिरहन्छन् । त्यो दिन पनि बोले, सकियो ।

कांग्रेस विशेष महाधिवेशन सकिने बित्तिकै सभापति गगन थापाले ओलीकै प्रकृतिको अभिव्यक्ति दिएपछि भने सोच्ने ठाउँ मिल्यो । संचारकर्मीसँग झन्डै दुई घण्टा लामो अन्तर्वार्ता क्रममा थापाले मिडिया डराइरहेको छ भनी आलोचना गरे । 'एक राजनीतिकर्मीका रूपमा म तपाईंसँग डराउनुपर्ने हो, तर उल्टै तपाईं प्रेसकर्मी मसँग डराइराख्नुभएको छ भने यो उचित अवस्था होइन,' थापाले हामीसँग भने, 'आज मिडिया डराएको अवस्थामा छ । कसैलाई आलोचना गरियो भने उसले के भन्देला कि भनेर हच्केको छ ।' सभापति थापासँग लामै कुरा गरे पनि नेपाली प्रेसबारे उनले दिएको अभिव्यक्तिले म केही दिनसम्म रन्थनिएँ । चुनावको मुखमा यति बेला बलियो सरकारको चाहना व्यक्त हुँदैगर्दा बलिया नागरिकको खोजी कसरी गर्ने भन्ने प्रश्नमा आफैं परें । किनभने, त्यो बलियो नागरिक निर्माण गर्न बलियो प्रेस अपरिहार्य छ । तर चुनावी घरदैलोमा जाने केही शीर्षस्थ नेता खुलेआम प्रेसलाई धम्क्याइरहेका छन् । आफूमाथिका मुद्दामामिला अझै बाँकी छन् । कोही तारेख धाइरहेका छन् । तर पत्रकार, विश्लेषक, विज्ञ, नागरिक अगुवा भन्दै धाकधम्की स्पष्ट रूपमा जारी छ । ती को-को हुन् भनेर खोज्नुपर्ने, तथ्य बाहिर ल्याउनुपर्ने आवश्यकता छ ।

थोमस जेफरसनको प्रसिद्ध भनाई छ : 'पत्रकारिता बेगरको सरकार वा सरकार बेगरको पत्रकारितामध्ये के रोज्छौ भनियो भने म दोस्रो विकल्प रोज्नेछु ।' जेफरसन बितेर गएको ठ्याक्कै दुई सय वर्ष पुग्यो । नेपालमा भने दुई शताब्दी पूरा पुग्दा पनि नेपाली पत्रकारिता औपचारिक सत्ताशक्ति वा अदृश्य सत्ताशक्तिको भयसहित घिटीघिटी अघि बढिरहेको छ । दक्षिण र पूर्वी एसियाका देशहरूभन्दा समुन्नत अवस्थामा रहेको भनिए पनि नेपाली प्रेसले पछिल्ला वर्षहरूमा भोगिरहेको आफ्नै कथाव्यथा छ । सैन्यबलमा सत्ताशक्ति हत्याएका राजाको शासनमा नडराएको प्रेस, माओवादीको हिंसात्मक युद्धकालमा प्रेस लेखेर हिँडेकै भरमा ढुक्क प्रेस, विभिन्न तनावपूर्ण वातावरणमा पनि पहेंलो ज्याकेटलाई सुरक्षाकवच मानेको नेपाली प्रेस आज किन कसैले झोले भन्देला कि, कसैले बाह्र भाइ भन्देला कि, कसैले भिडियो क्यामरा अन् गरेर धम्क्याउला कि भनी दुईपल्ट सोच्ने ठाउँमा पुग्यो ? दृश्यमा देखिने सत्ता र हिंसात्मक विद्रोहीको सेन्सरसिपसँग नडराएको नेपाली प्रेस किन अदृश्यमान् भिडको डरैडरमा सेल्फ सेन्सरसिपको छेउछाउ हिँडिरहेको छ ? ओलीलाई सत्ता गुमाएको झोंक र पीडामा अतिशयोक्ति बोल्न मन लाग्यो होला । छोटो काल स्वास्थ्यमन्त्री हुनेबाहेक सत्तामा नगएका कांग्रेस नेता थापासामू प्रेस तर्साउने कुनै अभिप्राय नहोला भनी सोच्ने ठाउँ थियो ।

यो एमाले अध्यक्ष ओली वा कांग्रेस सभापति थापाको अभिव्यक्तिको कुरामात्रै होइन, अरू नेताको अभिव्यक्ति, अनि हाम्रो आफ्नै पेशागत जीवनको प्रतिविम्बनमा पनि चिन्तन गर्ने विषय भएको छ । हामीलाई यति बेला कुनै नेताबाट सुरक्षा चाहिएको होइन । हामीलाई आफ्नै संविधानप्रदत्त अधिकारको खुलेआम अभ्यास गर्ने वातावरणको सुनिश्चितता चाहिएको छ । हामी नयाँ पुराना भनिने सबै दलहरूले, त्यसका नेता कार्यकर्ताले यो संवैधानिक सुनिश्चितताको निर्बाध प्रयोग हुने वातावरण सिर्जना गर्छन् कि गर्दैनन् भनी परीक्षण गर्न चाहन्छौं । अपवादजन्य विकृति प्रेसमात्रै होइन, चिकित्सक, पाइलट, शिक्षक, पसले, किसान, साहित्यकार वा जुनसुकै पेशा क्षेत्रमा पनि हुन्छन् । तर तिनलाई नियम होइन, अपवाद मान्नुपर्छ । त्यस अनुसार प्रत्येकलाई कानुन लाग्नुपर्छ । आज हामी नेपाली प्रेस र लोकतन्त्रको भविष्यमा डिजिटल माध्यमकै प्रयोग गरेर बलात् आक्रमण र अभिव्यक्ति स्वतन्त्रताको निर्लज्ज दुरूपयोगबारे केही विमर्श गर्नै पर्ने ठाउँमा उभिएका छौं । यसमा हामीले आफैं कहाँ चुक गर्‍यौं, वा हाम्राबारे आम रूपमा फैलिएको भ्रम चिर्न असमर्थ रह्यौं- समीक्षा गरौं ।

जर्ज अर्वेलको भनाई छ : यदि स्वतन्त्रताको कुनै अर्थ र महत्व छ भने त्यसको अर्थ मानिसहरूलाई ती कुरा सुनाउने स्वतन्त्रता हो, जुन उनीहरू सुन्न चाहँदैनन् । तर आज सत्ताशक्तिमा रहेको, सत्तामा जान चाहेको कुनै व्यक्तिलाई सार्वजनिक जवाफदेहीताको प्रश्न सोधेको भरमा हामीलाई झोले करार गर्ने अवस्था छ । यसरी झोले भनेर नियोजित रूपमा लाग्नेहरूको समूह ठूलो छैन । प्रेसबाट वर्षौंसम्म प्रश्न सोधिएकाहरू र तीसँग स्याटेलाइटजसरी जोडिएको निकट समूहले नियोजित आरोप लगाइरहेको छ । आम सर्वसाधारणको एउटा ठूलै हिस्साले वास्तविक कुरै नबुझी त्यो तर्क सुन्न रुचाइरहेको छ । जनताले बुझ्दैनन्, हामीले मात्रै बुझेका छौं भन्ने कत्ति पनि भ्रम छैन यो पंक्तिकारलाई । हामी उपदेश फर्माउने ठाउँमा छैनौं । हामी संवादको प्रभावकारी स्पेस किन आक्रमणमा छ, यसको कारण र उपाय के हो भन्नेबारे छलफल गर्न खोजिरहेका छौं । भूपी शेरचनले म केवल एक भोट हुँ भनी व्यंग्यात्मक कविता लेखेका थिए । के हामी 'म केवल एक ट्रोल हुँ' भन्ने अवस्थामा आइपुगेका हौं ? आत्मचिन्तन गरौं ।

हिजो पन्चायतमा होस् या बहुदलकालको, अनि गणतन्त्रको शासनकालमा रहेर अख्तियार दुरूपयोग गरेकाहरू, अदालतमा मुद्दा खेपेकाहरू, जेल बसेकाहरू, तारिख धाइरहेकाहरू समेत प्रेसलाई लखेट्न, गिज्याउन लागिपरेका छन् । 'पत्रकार र विश्लेषकलाई मार्नुपर्छ' भनेर आपत्तिजनक अभिव्यक्ति दिनेहरू को हुन्, र तिनले कुन उद्देश्यका लागि प्रेसलाई झोले भन्दैछन्, राम्रोसँग चिनौं । विगतमा सत्ताको तर मारेकाहरूले आज आफूलाई भिक्टिम अर्थात् पीडितजस्तो देखाउँदै किन र कसरी पुनरोदय खोजिरहेका छन्, खोजौं । यो केवल ओली, देउवा, प्रचण्ड वा कसैको पक्षमा गरिएको तर्क हुँदै होइन । उनीहरूलाई त इतिहासले ढिलोचाँडो बिदा गर्नेवाला नै थियो । जेनजीहरूले त्यो प्रक्रियालाई छिटो पारिदिए, जो स्वाभाविक थियो । किन्तु यो इतिहासको यो विन्दुमा नागरिकको जायज आवाज किन नन्इस्यु देखाएर कुन्ठित पारिँदैछ भनी सोधिएको प्रश्न हो । अघिल्लो महिना प्रधानन्यायाधीश र न्यायाधीशहरूले फैसला गरेको आधारमा धाकधम्की र शृंखलाबद्ध आरोप खप्नुपर्ने अवस्था आइरहेको भन्दै संस्थागत चिन्ता जाहेर गरेका थिए । यो केवल व्यक्तिको कुरा थिएन, बरू प्रणालीको थियो । यो चिन्ता अब प्रेस, न्यायालय वा दलहरूले मात्रै गरेर पुग्दैन । यो नागरिकसम्मत चिन्ता हो ।

त्यसैले कसैलाई दुई लाइन नपढी गाली गर्नुपूर्व सम्झनुस्- कसैको झोले भन्न र बन्न हामी यो जीवनमा आएको होइन । पत्रकारिता पेशा स्वयं प्रश्नको घेरामा हुनु समस्या होइन । हामीलाई जसरी लाञ्छित गर्ने क्रम बढेको छ, यसरी लाञ्छित गर्नेहरू पृष्ठभूमि खोज्दै जाँदा हामी अनौठो ठहरमा पुग्छौं । पत्रकारितालाई प्रश्न होइन लाञ्छित गर्नेमा केही वर्षअघिसम्म मिडियामा (पत्रकारिता होइन) औसत प्रदर्शन गरिरहेका र हाल राजनीतिक उद्यममा हात हालिरहेका केही व्यक्ति भेटिन्छन् । मिडियामा हुँदा तिनको सास गन्हाउँथ्यो, अहिले राजनीतिमा हुँदा तिनको हात गनाउन शुरु गरेको छ । ०८२ को फागुन अर्थात् यो महिना जनमत परीक्षणको विशेष महिना हो । प्रतिनिधिसभाका लागि नयाँ प्रतिनिधि चुनेपछि मतदाताको पहिलो चरणको काम सकिन्छ । त्यसपछि पनि हाम्रो लोकतन्त्रका सामुन्ने चुनौती बाँकी नै रहने छन् । र, हाम्रो खाँचो त्यसपछि पनि परिरहने छ ।

यस अर्थमा हामीलाई आसन्न चुनावले दिने जुनसुकै नतिजाको आकलन सम्झेर उत्तेजित वा निरुत्साहित हुने छुट छैन । राज्यको चौथो अंग भन्ने गरिए पनि हामी राज्यको कुनै औपचारिक इकाई र अंग होइनौं । हामीलाई भोलि पनि नागरिककै बृहत् हिस्सामा बसेर सत्ताशक्तिलाई प्रश्न सोधिराख्नुपर्ने छ । सत्तामा जो आओस्, हामी निरन्तर चनाखो प्रश्नकर्ता बनिरहने छौं । हामी संविधानबाट शासित छौं, अनि हाम्रै आचार संहिताबाट । हामी सत्ताबाट पो स्वतन्त्र छौं, तर स्वयंका पेशागत मान्यताहरूबाट बाँधिएका । माथि नै भनिसकियो, हामी पत्रकारिताजस्तो स्वायत्त र खुला क्षेत्रमा कसैको झोले बन्नलाई आएको होइन । तर म देखिरहेको छु, पछिल्लो एक महिनायता सिंगो पेशालाई थुक्न, बदनाम गर्न वा डिसमिस गर्न ती व्यक्ति सक्रिय देखिन्छन्, जसको जीवनको उर्वर समय यो पेशामा बितेको थियो । पत्रकार बन्न होइन, स्टार बन्न ती यो क्षेत्रमा आएका थिए । धेरथोर स्टारडम बटुले । घरकार पनि जोडे होलान् । आज युट्युबमा डलर फल्छ भनेर सस्तो, कमसल गुणस्तरको असम्पादित सामग्री उत्पादन गर्दैछन् तिनले । समाजमा विष फैलाएर परिवार पाल्ने मनसाय किमार्थ सही होइन । तिनले जतिसुकै ठूलो विदेशी डिग्री लिए पनि त्यो खासमा विद्वेषी हो । समाज भाँड्ने र आगजनीमा रमाउने बाहेक तिनको कुनै दोस्रो प्रयोजन छैन । तिनले हिजो पत्रकारिता गर्दा नेपाल स्वर्ग थिएन । आज उनीहरूले हप्तैपिच्छे फुटेज पाउन छाडे भन्दैमा नेपाल आज पनि स्वर्ग बनिहालेको छैन । स्वर्गको अपेक्षा केवल अतिरञ्जना हो । नेपाली पत्रकारिता, अझ नेपाली भाषाको पत्रकारिता प्रश्नरहित छैन । यसमाथि लामा रिपोर्ताज लेखिन सक्छन् ।

अग्रज पत्रकार केदार शर्माले एकपल्ट भनेका थिए, 'पत्रकारलाई 'पत्रुकार' लेख्नेको विचार सुन्ने मलाई कुनै रुचि छैन ।' पेशाप्रति न्यूनतम् समझदारी बेगर लाञ्छित गर्नेउपर उनको खेद थियो । पत्रकारको नाममा गन्हाएका सासले राजनीतिलाई सोधेको प्रश्न जसरी मिलेको थिएन, आज राजनीतिको नाममा गन्हाएका हातले पत्रकारितालाई लगाएको लान्छना पनि त्यसरी नै मिलेको छैन । किशोर नेपालदेखि विजय कुमारसम्म, रवि लामिछानेदेखि टंक दाहालसम्म, पुरुषोत्तम दाहालदेखि सरला गौतमसम्म- हामी एक साथ सामूहिक छलफल गरौं । बहसलाई कुनै आरोप लगाएको भरमा वर्जित गर्नेहरूबाट सतर्क रहौं । रूपचन्द्र विष्टले भनेझैं, हामी कसैका होइनौं । सत्य र ठिक हाम्रा । हामी सत्य र ठिकका । तर के हामी यो जोखिम उठाउन तयार छौं ? खासगरी त्यो बेलामा, जुन बेला लोकरिझ्याइँको लोभमा सिंगै समाज सती जाने खतरा छ । प्रियतावादको दस सेकेन्ड रिल्सले हामीमध्ये धेरैको मस्तिष्कलाई यसरी विषाक्त बनाउँदै छ, आउने पुस्ताले हाँक्ने समाज कस्तो होला भन्ने कल्पना गर्दा पनि कहाली लाग्छ ।

ओली, देउवा, प्रचण्डलाई देखाएर अतितका उपलब्धिलाई धारेहात लगाउन सजिलो छ । दस वर्षअघि बनेको संविधान र त्यसअन्तर्गत नै चलिरहेको सत्तालाई फेरि पनि सुझबुझ र पोख्त समन्वयसाथ चलाउनुपर्ने छ भन्ने दायित्व सम्झनु पनि उत्तिकै जरुरी छ । सोसल मिडिया नहुँदासम्म धेरै मतदाताको हैसियत नागरिक होइन, रैतीको जस्तो थियो । चुनावले गरिबी अन्त्य गर्दैन, बरू गरिबको बेइज्जतीमात्रै गर्छ भन्ने दृष्टान्त यसअघिका प्रचार अभियानमा देखिन्थे । त्यहाँ जनता सचेत नागरिक होइन, पैसावालहरूको भोटबैंकमात्र हुन्थ्यो । अहिले त पैसा पनि खर्च गर्नु पर्दैन, मोबाइलको दस सेकेन्ड रिलमा पसेर 'डिजिटल मासुभात' खुवाए पुग्छ । सनरूफ खोलेर अभिवादन गरिरहेका उम्मेदवारसँग प्रश्न सोध्ने ताकत कसैको छैन, ती त उम्मेदवार देखेर परैबाट चमत्कृत छन् । डिजिटल मासुभात जेनजी अध्येता नोबेलप्रसाद रिमालको शब्द निर्माण हो । अनलाइनमा ठूलो चर्चा वा हल्ला सिर्जना गर्न सक्नुलाई सफलता मान्ने, लाइक शेयर कमेन्ट ट्रेन्डिङ आदिलाई वास्तविक उपलब्धि मान्ने, नियोजित ट्रोल चलाउने काम डिजिटल मासुभातको अंश हो ।

पहिले पहिले चुनावमा मासुभात वा रक्सी खुवाएपछि मतदाता नजिकिन्छन् भन्ने बुझाइ थियो । अहिले त कतिपयका लागि डिजिटल मासुभात काफी हुने भयो ! सबै मतदाता यस्तै ठान्छन् भन्ने होइन, तर कतिका लागि मेलोड्रामाटिक म्युजिक हालेर गरिने इमोसनल अत्याचार अब पर्याप्त भइदियो । विदेश जानु बाध्यताको मात्रै उपज हो, यहाँ कुनै अवसर छैन, करिअर छैन भन्ने भावनाका व्यापारीहरूले यथार्थलाई सक्दो बढाइचढाइ गरे । परिवार छाडेर विदेशिनेको कथा यहाँमात्रै होइन, छिमेकका देशमा त्यस्तै छ । अमेरिकाकै कतिपय राज्यहरूमा बसाइसराइ तीव्र छ । तर यो यथार्थ छोपेर नागरिकको संवेदनालाई अर्को पाटो नदेखाई राजनीतीकरण गर्न खोजियो ।

अनि घरमा चुनावी मसलासहित फोन गर्न लगाइयो । के हामी चुनावका लागि मात्रै हौं ? चुनावपछि हाम्रो जीवन छैन ? के फेरि चुनाव आउँदैन ? के यी उम्मेदवारलाई भोलि फेरि परीक्षण गर्नुपर्ने छैन ? तर बाँचिन्जेल पुन:निर्वाचित भइराख्ने केही 'पुराना' नेताको आजीवन आकांक्षाको व्यवस्थापन गर्न तिनका पार्टीहरू औजारजसरी काम गर्न खोज्दा लोकतन्त्रमा नागरिकहरू भड्किए । आज हामी डिजिटल मासुभात खाँदै खराब रोज्ने कि खत्तम भन्ने छलफलमा छौं । र यो बहसलाई सामुहिक्ता र सामुदायिकताले होइन अल्गोरिद्मले अपहरण गरिसकेको छ । खैर, डिजिटल मासुभातको कुरामा आउँदा- खोज पत्रकारिता केन्द्रले दुई साताअघि धुलिखेलका आयोजना गरेको सम्पादक भेलामा रिमालले यो विषय मज्जाले बुझाएका थियो । याद रहोस्, नेपालमा रवि लामिछानेले दोषारोपण गरेझैं सम्पादकहरू नियमित मिटिङ गर्दैनन् । वर्षमा एक वा दुईपल्ट खोज पत्रकारिता केन्द्रले भेटघाट गराउने, अनि प्रधानमन्त्री, राष्ट्रपति, केही नेताले अन्तर्क्रिया गर्न बोलाउने बाहेक सम्पादकहरूको भेट हुने कुनै थलो छैन ।

बाह्र भाइ भनेर लाञ्छित सम्पादकहरूले खासै जवाफ दिनुपर्ने खाँचो देखेनन् । तर ७ वटा अदालतसम्म मुद्दा खेपिरहेका आरोपीहरूले भने उल्टै हामीलाई रक्षात्मक बनाउँदै लगे । सुशासनको नियमलाई अपवादहरूले कब्जा गर्दा पनि हामी बोल्नै नसक्ने भयौं, जबकि हामीसामु नागरिकको बोली बन्नुपर्ने गुरुत्तर दायित्व थियो । हामी त आफ्नै पेशागत हितका लागि पनि बोल्न नसक्ने गरी निरीह के कारणले भयौं ? अलि अलि हाम्रो पनि दोष छ, अलि अलि चाहिँ पपुलिज्म अर्थात् प्रियतावादसँग जुध्नु हाम्रो पेशागत काम नै हो भनेर समयमा ठम्याउन नसक्नु पनि कमजोरी नै हो । अब हामी त्यसो नगरुँ । ढिलै भए पनि प्रियतावादविरुद्ध जुधौं । स्वयं हामीभित्र सुषुप्त प्रियतावादी आकांक्षाविरुद्ध पनि जुध्ने संकल्प गरौं । हामी बाह्र भाइ होइनौं, जसलाई पहिलोपल्ट रवि होइन केपी ओलीले संज्ञा दिएका थिए । विदेशतिर 'एडिटर्स गिल्ड' हुन्छ, जो नेपालमा छैन । हामी त चाहिने कुरामा पनि समयमा छलफल गर्न तयार हुँदैनौं । रवि त आफ्नो उद्देश्यमा सफल भए । उनको नागरिकता प्रमाणपत्र, पासपोर्ट हुँदै सहकारी संस्थाहरूको रकम अपचलनमा संलग्नताबारे तथ्य र प्रमाण सहित अनेक रिपोर्टिङ गरिए । यस्ता रिपोर्ट रविको बारेमात्रै होइन, धेरै दलका धेरै नेताबारे नेपाली मिडियाले गरेको छ ।

तर रविको तथ्य बाहिर ल्याएको मूल्य नेपाली प्रेसले चुकाउँदा हाम्रा लागि बोलिदिन समाज आएन । त्यसैले हुनुपर्छ, सिंगै मिडिया हाउस जलाउँदा, पत्रकारको जीवन र पेशागत सुरक्षा संकटमा पर्दा पनि हामीले समयमा आवाज बन्न सकेनौं । हामी सम्पूर्ण रूपमा आवाजै रोकिने गरी डरायौं त म भन्दिनँ, हामी आफ्नै स्वभाव अनि मूलधारे मिडियाको बनिबनाउँ भाष्य जोगाउने काल्पनिक कर्तव्यका कारण धकायौं । अब हामी नधकाउँ । हामीलाई हिजोआज केही सोध्नुअघि कि त कुनै दलको निकट देखाइन्छ र हाम्रा प्रश्नको वजनलाई खारेज गर्ने कोसिस गरिन्छ । कि त हामीलाई विगतको कुनै एउटा समाचार वा विचार देखाएर खारेज गरिन्छ । केही नलागे लिगेसी मिडिया भन्ने शब्द थोपरेर असान्दर्भिक देखाउन खोजिन्छ । र सबैभन्दा डरलाग्दो कुरा, हामीलाई कर्तृवाच्य होइन, कर्मवाच्यमा लेख्न घुमाउरो दबाब सिर्जना गरिन्छ । एउटा व्यक्तिको हातमा जब २ सयभन्दा बढी फेसबुक पेज हुन्छन् । नियत खराब भएका केही पैसावालहरूलाई उसले ती पेजहरू बिक्री गर्छ । वा खास झोलेहरूलाई उसले आइडी पासवर्ड थमाउँछ । तिनको काम हामीलाई झोले करार गर्नु हुन्छ ।

विद्यार्थी आन्दोलन सकिएको धेरै समयपछि बल्लतल्ल चुनाव हुन सक्यो बंगलादेशमा । त्यहाँ विद्रोहपछि व्यवस्थापन भएन, अव्यवस्था संस्थागत भयो । यसरी नेपालमा पनि बंगलादेश बनाउने खेती चल्यो । बंगलादेश बनाउने उद्यममा प्रचण्डमात्रै लागेका थिएनन्, यहाँका बडेबडे विचार निर्माताहरू पनि सलाई र मटितेल बोकेर आगो सल्किने दिनेको प्रतीक्षामा मज्जैसँग सामेल थिए । मैले ०८१ भदौ १२ मा प्रचण्डले बंगलादेशवादी धम्की दिएपछि संचारकर्मीमा लेखेको थिएँ, 'नेपाल बंगलादेश बन्नुहुँदैन । कथं नेपाल बंगलादेश बनेछ भने प्रचण्डमात्रै चैनले खुमलटारमा सुत्न पाउने छैनन् ।' एक वर्ष १२ दिनपछि प्रचण्डको हालत त्यही भयो, जो उनले कल्पेका थिए । प्रचण्ड, ओली, देउवाको घर जल्यो । यो कुनै खुसियाली मनाउने कुरा थिएन । यो त हामी विचार निर्माता भनिनेहरूले गम्भीर रूपमा आत्मसमीक्षा गर्नुपर्ने विषय थियो । आगो लगाउन सजिलो हुन्छ, निभाउन कठिन । हामीलाई हिजो पनि आगो निभाउन उत्प्रेरित गर्ने नेतृत्व चाहिएको थियो, आज पनि चाहिएको छ, भोलि पनि चाहिने छ ।

संचारकर्मीसँगको पछिल्लो अन्तर्वार्तामा प्रचण्डलाई सुनौं त । बल्ल उनले बुझे, बंगलादेशमा जुन तरिकाले जे भयो, त्यो प्रकारान्तरले सही थिएन । विद्रोहको आह्वान गर्नु सजिलो हुन्छ, त्यसपछिको व्यवस्थापन गाह्रो । शान्ति प्रक्रिया आधा छाडेका प्रचण्डलाई यो तथ्य कसले बुझाइदिने ? यी सबका बीच हामी देखिरहेका छौं- प्रतिक्रिया र उत्तेजनाको राजनीतिले सर्वाधिक ताली पाइरहेको छ । लाइक, लभ रियाक्ट तिनैमा छ । कसैले सोचविचार गरेर केही विश्लेषण गर्‍यो भने उसप्रति अटेन्सन् छैन । कुखुरोलाई मत मागेर, अनुहार ढाकिनेगरी लालीगुराँसको माला लगाएर, खोलाका माछालाई गीत सुनाएर, किसानले जोतिरहेको खेतको सियो नै बिग्रनेगरी हलो जोतेर उम्मेदवार हिँडिरहेका छन् । हामी केवल तिनका माइक र प्रचारक बनेका छौं ।

तिनले सांसद बनेमा के गर्नेछन्, तिनले सत्ता हाँक्न पाएमा कस्तो योजना कार्यान्वयन गर्नेछन्, त्यसले कसलाई लाभ पुग्नेछ भन्नेमा विवेचना कम छ । हामी अल्गोरिद्मका खपतकर्ता मात्रै बनेका छौं । हामी डिजिटल मासुभात खाँदैमा मग्न छौं । देश सुधार्न दल सुधार्नुपर्छ । दल सुधार्न नेता सुधार्नुपर्छ । नेता सुधार्न हामी सुध्रिनुपर्छ । हामी सुध्रि कति समय लाग्ला ? हामीमध्ये कतिले साँचो अर्थमा व्यक्तिको उपस्थितिलाई एजेन्डासँग जोड्यौं, अनि कतिले अनुहारको भिड देखाएर एजेन्डालाई विस्थापित गर्‍यौं, गर्दैछौं- निर्मम आत्मसमीक्षा गरौं । सिएमआर नेपाल जर्नलिज्म एकेडेमीले 'डिजिटल युगमा पत्रकारिता' पुस्तक भर्खरै सार्वजनिक गरेको छ । जर्मन भाषाको चौथो संस्करणबाट नेपालीमा अनुदित पुस्तक स्टेफान रुसमोल र तन्जिभ शुल्जले लेखेका हुन् ।

पुस्तकले भन्छ- इन्टरनेटका कारण हामी यस्तो अवस्थामा पुगेका छौं जहाँ प्रोपागान्डा अर्थात दुष्प्रचार र भ्रामक सूचनाको प्रसार पनि लाभदायक हुन पुगेको छ । मिडियालाई नियन्त्रणमा राख्न चाहने शासकहरू अन्तर्राष्ट्रिय जगतमा आफ्ना प्रचारकको युनिट नै बनाएर मिथ्या सूचना प्रवाह गर्न लागिपर्छन् । अर्को खण्डमा सोही पुस्तकले भन्छ- सिद्धान्ततः मिडिया प्रयोगकर्ताहरूले पत्रकारितालाई प्रभाव पार्नु सन्तोषजनक हो । यद्यपि पत्रिका वा सामाजिक सन्जालमा प्रतिक्रिया जनाउँदा उनीहरू सभ्य रूपमा प्रस्तुत हुनेछन् भन्ने आशा गरौं । जबसम्म धेरै मानिसमा यो दृष्टिकोण वा इच्छाको अभाव हुन्छ, तबसम्म पत्रकारिता बर्मुडा त्रिकोणमा हराउने खतरा रहिरहन्छ । उक्त पुस्तकको सन्दर्भ लिँदै यहाँ भन्न खोजिएको के हो भने लोकतन्त्र बचाउने कि खुम्च्याउने मिडिया प्रयोगकर्ता अर्थात् आम नागरिकको हातमा धेरैथोक निर्भर गर्छ । हाम्रा रुचि पछ्याउँदै हामीले चाहेको सामग्री सोसल मिडिया अल्गोरिद्मले पठाउँछ । तर अल्गोरिद्मले पठाउने सामग्री विशुद्ध हाम्रो रुचि आधारित हुन्छन् भन्ने केही ग्यारेन्टी छैन । सूचनाको साम्राज्यलाई हाँकिरहेको ठूलै 'टेक ग्रुप' बाट थाहै नपाई हामी शासित भइरहेका छौं ।

*(साभार: न्यूज अफ नेपाल)*

जलवायु वित्त परिचालन कार्यविधि :

# वैदेशिक अनुदान सिधै स्थानीय तहसम्म पुग्ने, 'डिजिटल प्ल्याटफर्म' बाट निगरानी

काठमाडौं/सरकारले जलवायु कोषबाट नेपालमा प्रवाह हुने जलवायु वित्त परिचालन सरल, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले नयाँ कानुनी ढाँचा तयार पारेको छ । अर्थ मन्त्रालयले जलवायु वित्त परिचालन कार्यविधि २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो । जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि प्राप्त हुने अन्तर्राष्ट्रिय सहायता थप व्यवस्थित र पारदर्शी बनाउन यस्तो कानुनी ढाँचा बनाइएको अर्थ मन्त्रालयले जनाएको छ ।

कार्यविधिले वैदेशिक जलवायु वित्त छनोट, परिचालन र अनुगमनमा स्पष्ट मार्गचित्र तोकेको छ । कार्यविधि अनुसार जलवायु कोषहरूबाट प्राप्त हुने रकमलाई अर्थ मन्त्रालयले औपचारिक प्रणाली मार्फत परिचालन गर्ने छ । त्यसका लागि प्रोजेक्ट पाइपलाइन बनाएर प्राथमिकताका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्ने गरी कार्यविधि बनेको छ ।




**प्राथमिकतामा हानि-नोक्सानी सम्बोधन र जलवायु अनुकूलन**

कार्यविधि अनुसार जलवायु वित्त परिचालनका लागि मुख्य तीन क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । जसमा जलवायुजन्य हानि-नोक्सानी सम्बोधन, जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित क्षेत्र र भूगोलमा अनुकूलन कार्यक्रम र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणसँग सम्बन्धित हुनुपर्ने समेत कार्यविधिले तोकेको छ ।

परियोजना छनोट गर्दा भौगोलिक सन्तुलन, रोजगारी सिर्जना र लाभान्वित जनसंख्या मुख्य आधार बनाइने भएको छ । परियोजनाको काममा स्रोत केन्द्रित गर्न कार्यविधिले परियोजनाको कुल लागतको अधिकतम २० प्रतिशतमात्र प्रशासनिक र प्राविधिक सहायतामा खर्च गर्न पाउने सीमासमेत तोकेको छ ।

**स्थानीय र प्रदेश सरकारलाई बढी भूमिका**

कार्यविधिले संघीयताको मर्म अनुसार जलवायु वित्तलाई तल्ला सरकार समक्ष पुऱ्याउने गरी प्रावधान राखेको छ । नेपाल सरकारले सञ्चालन गर्ने राष्ट्रिय कार्यक्रमहरूमा जलवायु वित्त परिचालन गर्दा जुन तहबाट कार्यक्रम प्रभावकारी हुन्छ, सोही तहलाई 'ससर्त अनुदान' का रूपमा रकम हस्तान्तरण गरिने कार्यविधिमा उल्लेख छ ।

एकमात्र स्थानीय तहको कार्यक्षेत्र भए सिधै सोही स्थानीय तह र एकभन्दा बढी स्थानीय तह भए प्रदेश सरकारलाई प्राथमिकता दिइने कार्यविधिमा उल्लेख छ । जसका माध्यमबाट जलवायु जोखिममा रहेका स्थानीय समुदाय समक्ष केन्द्रित कार्यक्रम र स्रोत पुग्ने छ । कार्यविधिमा भनिएको छ, 'संघको अधिकार क्षेत्रभित्र पर्ने विषयको परियोजना तथा जलवायु सम्बन्धी राष्ट्रिय वा स्थानीय तहबाट सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिए एउटामात्र स्थानीय तहको कार्यक्षेत्र भए स्थानीय तह र एकभन्दा बढी स्थानीय तहको कार्यक्षेत्र भए ससर्त अनुदान प्रदान गरी सोही तहबाट कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्ने छ ।'

परियोजनाको प्राथमिकता सूची अर्थ मन्त्रालयले बनाउने भएको छ । मन्त्रालयले आवधिक वा जलवायु कोषले माग गरेका बेला राष्ट्रिय रूपमा बाँडफाँट गरेको रकम प्रयोग गरी जलवायु वित्त परिचालन गर्ने परियोजनाका लागि परियोजना प्राथमिकता सूची बनाउने छ ।

यसपछि जलवायु कोषमा पहुँच स्थापित गर्न आवश्यक विधि तय गरिएको छ । जस अनुसार मान्यता प्राप्त निकाय वा कार्यान्वयन गर्ने निकायले परियोजनाको प्राथमिकता सूचीमा भएका परियोजनाको अवधारणा पत्रलाई आवश्यकता अनुसार सम्बन्धित जलवायु कोषमा पठाउन वा सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउन सक्ने कार्यविधिमा उल्लेख छ ।

**निजी र गैरसरकारी क्षेत्रलाई जिम्मेवार बनाउने प्रयास**

कार्यविधिले निजी क्षेत्रले पनि जलवायु वित्तमा पहुँच पाउन सक्ने गरी बाटो खोलेको छ । तर, त्यसका लागि नेपाल सरकारलाई भविष्यमा कुनै वित्तीय दायित्व सिर्जना नहुने सुनिश्चितता हुनुपर्ने छ । निजी क्षेत्रका परियोजना छनोट गर्दा सार्वजनिक सूचना जारी गरी पारदर्शी प्रतिस्पर्धा गराउनुपर्ने प्रावधान कार्यविधिमा राखिएको छ ।

गैरसरकारी संस्थाहरूले समाज कल्याण परिषद् मार्फत मात्र जलवायु वित्त परिचालन गर्न पाउनेछन् । उनीहरूले वार्षिक प्रगति विवरण र रकम प्रवाह विवरण अनिवार्य मन्त्रालयको 'डिजिटल प्ल्याटफर्म' मा प्रविष्ट गर्नुपर्ने छ भने वर्षमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ र लेखा परीक्षण गराउनुपर्ने गरी तोकिएको छ ।

**मन्त्रालयको "डिजिटल" निगरानी र सम्पर्क बिन्दु**

जलवायु वित्त परिचालनको सम्पर्क बिन्दुका रूपमा अर्थ मन्त्रालय रहने गरी तोकिएको छ । मन्त्रालयले सबै जलवायु वित्तका गतिविधिको एकीकृत विवरण राख्न एउटा डिजिटल प्ल्याटफर्म सञ्चालन गर्ने छ ।

यस प्ल्याटफर्ममा परियोजना विवरण, बजेट, दातृ निकाय र प्रगति विवरण समावेश हुनेछन् । मन्त्रालयले आवश्यक देखिए तेस्रो पक्षबाट समेत परियोजना कार्यसम्पादन लेखा परीक्षण गराउन सक्ने अधिकार राखिएको छ । जलवायु वित्तमा जलवायु कोषबाट प्राप्त हुने रकम, विकास साझेदारबाट प्राप्त हुने रकम, नेपाल सरकारको आन्तरिक स्रोतबाट योगदान भएको रकम रहने समेत कार्यविधिमा उल्लेख छ ।

**उच्चस्तरीय संयन्त्र र सचिवालय**

कार्यविधि कार्यान्वयन गर्न अर्थ सचिवको संयोजकत्वमा १७ सदस्यीय 'जलवायु वित्त निर्देशक समिति' गठन गरिएको छ । यसैगरी परियोजनाहरूको प्राविधिक मूल्यांकन र सिफारिस गर्न अर्थ मन्त्रालयकै सहसचिवको संयोजकत्वमा 'प्राविधिक समिति' रहने छ । मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखामा रहने 'जलवायु वित्त इकाइ' ले यी दुवै समितिको सचिवालयका रूपमा काम गर्ने छ । कार्यविधि लागु भएसँगै नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु वित्तका लागि गर्ने दाबी र प्राप्त हुने सहायता परिचालन थप विश्वसनीय र नतिजामुखी हुने विश्वास अर्थको छ ।

*(स्रोत: अनलाइनखबर)*

# पलको दोस्रो धेरै कमाउने फिल्म बन्यो 'आ बाट आमा'




काठमाडौं/अभिनेता पल शाहले जेल जीवनपछि करिअरमा ठूलो उतारचढाव भोग्नुपऱ्यो । २०८१ सालमा मात्र उनका दुईवटा फिल्म 'रावायण' र 'मायावी' व्यावसायिक रूपमा असफल भए । यसले गर्दा उनलाई फिल्ममा लिनै निर्माता-निर्देशकहरू हिचकिचाउन थालेका थिए । एउटा फिल्मबाट त उनलाई जानकारीबिनै हटाइएको समेत थियो । तर, यस वर्ष पलले करिअरमा सानदार 'यूटर्न' लिएका छन् ।

गत माघसम्म उनका दुई फिल्म 'मोहर' र 'आ बाट आमा' प्रदर्शन भइसकेका छन् । र, यी दुवै फिल्म व्यावसायिक रूपमा सफल भएका छन् । गत साउनमा प्रदर्शन भएको 'मोहर'ले ५ करोडमाथि कमाएको थियो । उनले जेल जीवनपछि पाएको यो पहिलो हिट फिल्म थियो । त्यसअघि 'पूजार सार्की' सफल भए पनि यसमा उनको मुख्य भूमिका थिएन । यसैले सफलताको जस पनि पाएनन् ।

'मोहर' सफल हुँदा राहत महसुस गरेका पलले 'आ बाट आमा'बाट अझ ठूलो सफलता पाएका छन् । आइतबारसम्म यो फिल्मले ९ करोडभन्दा बढी कमाइसकेको छ । योसँगै 'आ बाट आमा' यस वर्षको धेरै कमाइ गर्ने चौथो फिल्म र पलको दोस्रो धेरै कमाउने फिल्म बनेको छ । अझै फिल्मको व्यापारिक रफ्तार कम नभएकाले बिहीबारसम्म १० करोडको आँकडा पार हुने निश्चित देखिन्छ ।

पलको करिअरकै सर्वाधिक कमाउने फिल्ममा 'शत्रु गते' पर्छ, जुन २०७४ सालमा प्रदर्शन भएको थियो । चलचित्र विकास बोर्डको तथ्यांक अनुसार यसले १२ करोड ६५ लाख रुपैयाँ ग्रस व्यापार गरेको थियो । अब यो आँकडालाई 'आ बाट आमा'ले उछिन्न सक्छ कि सक्दैन भन्ने चासो धेरैमा देखिएको छ । यो फिल्मको व्यापारिक गति हेर्दा 'शत्रु गते'को रेकर्ड तोडिने प्रवल सम्भावना देखिन्छ ।

# 'जिरो डिग्री'को 'अरे ओ नेता जी' गीतमा नेताप्रति व्यंग्य

काठमाडौं/छायांकनको तयारीमा रहेको फिल्म 'जिरो डिग्री'को व्यङ्ग्यात्मक गीत 'अरे ओ नेता जी' सार्वजनिक गरिएको छ । समसामयिक राजनीति र झुटा आश्वासन बाँड्ने नेताप्रति व्यङ्ग्य गरिएको यस गीतमा अभिनेता विजय बराल र गायक अंकित बाबु अधिकारीको स्वर रहेको छ भने अंकित स्वयंको संगीत तथा युवराज काफ्लेको शब्द रचना छ ।



गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता विजय बराल देखिएका छन् । आम नागरिकले विकास निर्माणबारे प्रश्न गर्दा नेताले दिने टालटुले जवाफ र 'यही हो विकास' भन्दै देखाउने प्रवृत्तिलाई गीतमा व्यङ्ग्यात्मक शैलीमा चित्रण गरिएको छ । निर्माण पक्षले प्रतिनिधि सभा निर्वाचनको संघारमा यो गीत दर्शकमाझ ल्याउनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

आकाश बराल र साजन काफ्लेको लेखन, निर्माण तथा निर्देशनमा बन्ने यस फिल्मको कथा राजन भुसालले लेखेका हुन् । फिल्ममा राजनको अभिनय पनि रहनेछ । मेघौली फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मको कार्यकारी निर्मातामा मोती कार्की रहेका छन् । निशाल पौडेलको छायांकन रहने फिल्मको सम्पादन चानस मगरले गर्नेछन् ।

सडक सञ्जालले नछोएको एक दुर्गम गाउँमा आमा बुवाको निधनपछि विदेशमा रहेका सन्तान नआइपुग्दासम्म शव सुरक्षित राख्न सहरबाट 'डीप फ्रिज' बोकेर गाउँ भित्र्याएपछि उत्पन्न हुने परिस्थितिलाई फिल्ममा देखाइने जनाइएको छ । निर्देशक द्वय बराल र काफ्लेका अनुसार फिल्ममा एउटा फ्रिज गाउँसम्म पुऱ्याउने प्रसंग मात्र नभइ लाइट कमेडी कथा पनि रहेको छ ।

# दलका चुनावी प्रतिबद्धता : पाँच वर्षमा ५० लाखसम्म रोजगारी सिर्जना

काठमाडौं/प्रतिनिधि सभा निर्वाचनमा होमिएका राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेर प्रतिबद्धता सार्वजनिक गरेका छन् । कृषि, पर्यटन, आईटी, निर्माण, उद्योगलगायतका क्षेत्रबाट रोजगारी सिर्जना गर्न सकिने दलहरूले सार्वजनिक गरेका घोषणापत्रहरूमा उल्लेख छ ।

विघटित प्रतिनिधि सभाका प्रमुख दुई दल नेपाली कांग्रेस र एमालेको घोषणापत्र हालसम्म सार्वजनिक भइसकेको छैन । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ, भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले करारपत्र आइतबार सार्वजनिक गरेको छ । कांग्रेसले फागुन ६ (आगामी बुधबार) जनकपुरबाट प्रतिज्ञापत्र (घोषणापत्र) सार्वजनिक गर्ने भनेको छ । चुनावी सभाको सुरुवात मधेशबाट गर्न लागेको कांग्रेसले जनकपुरबाटै प्रतिज्ञापत्र सार्वजनिक गर्ने भएको छ । एमालेको घोषणापत्र सार्वजनिक गर्ने मिति भने टुंगो लागेको छैन ।

कांग्रेसले प्रतिज्ञापत्र फागुन ६ गते सार्वजनिक गर्ने समय निर्धारण गरेता पनि सभापति गगन थापाले घोषणापत्रमा कांग्रेसले समावेश गर्ने विषयवस्तु दिनहुँ सामाजिक सञ्जालबाट भिडिओमार्फत प्रस्तुत गरिरहेका छन् । सोमबार बिहान सभापति थापाले राखेको भिडिओ आईटी क्षेत्र र त्यसले सिर्जना गर्ने रोजगारीसँग मात्रै सम्बन्धित छ । रोजगारी सिर्जना गर्ने विभिन्न क्षेत्रमध्ये एउटा आईटी भएको थापाले बताएका छन् । आईटी क्षेत्रमा पाँच वर्षभित्र चार खर्बको सेवा निर्यात गरेर दुई लाखभन्दा बढीलाई प्रत्यक्ष रोजगारी प्रदान गर्नसकिने सभापति थापा बताउँछन् । आईटी दशक घोषणा गरेर सेवा विस्तार गर्नसकिने उनको दाबी छ ।

विघटित प्रतिनिधि सभाको चौथो शक्ति रास्वपाले घोषणापत्रलाई 'वाचापत्र'को नाम दिएको छ । वाचापत्रको आशिंक रूप आइतबार सार्वजनिक गरिएको छ । रास्वपाले वाचालाई नागरिकसँग गरिएको 'करार' भनेको छ ।

रास्वपाले पूर्ण वाचापत्र भने फागुन ७ मा कर्णालीबाट सार्वजनिक गर्ने जनाएको छ । रास्वपाले सुर्खेतमा पहिलो चुनावी सभा गर्दैछ । रास्वपाले सार्वजनिक गरेको करारपत्रमा आगामी पाँच वर्षमा रोजगारी सिर्जना गर्ने संख्याको प्रतिबद्धता समेत गरेको छ । आईटी, निर्माण, पर्यटन, कृषि, खनिज उद्योग, सेवा व्यापारलगायतका क्षेत्रबाट १२ लाख रोजगारी सिर्जना गर्ने रास्वपाको दाबी छ । रास्वपाले भन्दा बढी रोजगारी सिर्जना गर्ने दाबी अर्को दल नेकपाले गरेको छ । उसले आगामी पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ । कृषि, पर्यटन, सूचना प्रविधि तथा कृषिमा आधारित उद्योगमा सामूहिक/सहकारी मोडेल हुने नेकपाको प्रतिबद्धतापत्रमा उल्लेख छ ।

निजी क्षेत्रबाट रोजगारी सिर्जना गर्ने उद्योगलाई तीन प्रकृतिमा वर्गीकृत गरेर करमा विशेष छुट दिने प्रतिबद्धता नेकपाले गरेको छ । तीन प्रकृतिमा एक सय, पाँच सय र हजार बढीलाई रोजगार दिनेलाई वर्गीकृत गरी कर छुट र सहुलियत कर्जा प्रदान गर्ने वाचा नेकपाले गरेको छ ।

कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीले एक वर्षमा ९ लाख रोजगार प्रदान गर्ने महत्वाकांक्षी चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ । उज्यालो पार्टीले हाइड्रो, कृषि, पर्यटन, आईटी, उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रबाट वार्षिक ९ लाख रोजगारी सिर्जना हुने भनेको छ । यसरी आगामी पाँच वर्षमा ४५ लाख व्यक्तिले रोजगारी प्राप्त गर्ने उज्यालो नेपालले भनेको छ । यस्तै उसले रोजगारी सिर्जनाका लागि देशभर युवास्व-रोजगारी अभियान सञ्चालन गर्ने प्रतिबद्धता गरेको छ । युवालाई रोजगार बनाउन न्यून ब्याजमा ऋण, पाँच लाख रुपैयाँसम्मको स्टार्टअप अनुदान प्रदान गर्ने प्रतिबद्धता गरिएको छ । उपेन्द्र यादव र महन्थ ठाकुरको नेतृत्वमा रहेको मधेस केन्द्रित दलले जनता समाजवादी पार्टी(जसपा) नेपालले अन्य दलको भन्दा बढी रोजगारी सिर्जना गर्ने दाबीसहितको प्रतिबद्धता सार्वजनिक गरेको छ ।

कृषि क्षेत्रबाट मात्रै आगामी पाँच वर्षमा ५० लाख जनाको लागि रोजगारी सिर्जना गर्नसकिने जसपा नेपालको दाबी छ । कृषिमा रोजगारी सिर्जना गर्ने विधिमा कृषि क्षेत्रमा 'भर्टिकल फार्मिङ' अपनाउने भनिएको छ । भर्टिकल फार्मिङबाट ५० लाख रोजगारी सिर्जना कुन रुपमा गर्न सकिने विषयमा भने जसपा नेपालको प्रतिवद्दतापत्र मौन छ ।

दुईदिन अघि घोषणापत्र सार्वजनिक गरेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले लाखौं रोजागारी सिर्जना गर्न सकिने दाबीसहितको प्रतिबद्धतापत्र ल्याएको छ । राप्रपाले आगामी पाँच वर्षमा रोजगारी सिर्जना गर्नसक्ने यकिन तथ्यांक भने बाहिर ल्याएको छैन । सूचना प्रविधिलाई नागरिक जीवनलाई सहज र सुशासनयुक्त बनाउनका लागि साथै हरेक वर्ष लाखौं रोजगारी सिर्जना गर्ने प्रतिबद्धता राप्रपाले गरेको छ । सूचना प्रविधिबाट रोजगारी सिर्जना हुनुको साथै मनग्य विदेशी मुद्रा आर्जन हुने राप्रपाको ठहर छ ।

निजी क्षेत्रले कुल रोजगारीको ८५ प्रतिशत हिस्सा ओगटेको निर्क्यौल गरेको राप्रपाले रोजगारी सिर्जना गर्ने उत्पादनमूलक रुग्ण, बन्द उद्योगलाई पुन: सञ्चालनमा ल्याउन सहुलियत तथा अनुदानको व्यवस्था गर्ने भनेको छ ।

विद्युत्, पर्यटन, कृषि, सूचना, प्रविधि, विदेशमा बस्ने र निजी क्षेत्रको विकासबाट अर्थतन्त्रमा व्यापक सुधार हुनुको साथै रोजगारीको ठुलो अवसर सिर्जना हुनेमा राप्रपा विश्वस्त छ । राप्रपाको प्रतिबद्धता पत्रमा भनिएको छ, '५०-६० हजार तलबका लागि हाम्रा युवाले विदेश जानुपर्ने अवस्थाको अन्त्य हुनेछ । यातायात, डेलिभरी सेवा, फ्रिलान्सर सेवा, सरसफाई, केयर होम लगायतमा नीतिगत सम्बोधन गर्दा गिग इकोनोमीलाई विस्तार भई रोजगारी सिर्जना हुनेछ ।'

*(स्रोत: अनलाइनखबर)*

# सामान्य प्रशासनिक सेवामै खर्च हुन्छ सरकारको आधाभन्दा धेरै बजेट

काठमाडौं/सरकारले चालु आर्थिक वर्ष २०८२/८३ पहिलो ६ महिनामा ६ खर्ब ९० अर्ब रुपैयाँ खर्च गरेको छ । यो बजेटलाई कार्यगत खर्च अनुसार तुलना गर्दा सबैभन्दा बढी सामान्य प्रशासनिक सेवामा खर्च हुने गरेको देखिएको छ ।

कार्यगत खर्च तुलनाभित्र चालु र पूँजीगत दुवै प्रकृतिको खर्च जोडिएको हुन्छ । अर्थ मन्त्रालयका अनुसार यस क्षेत्रमा मात्र ४ खर्ब ३ अर्ब ६९ करोड ९९ लाख खर्च भएको छ । जुन कुल बजेट खर्चको साढे ५८ प्रतिशत हाराहारी हो । यस शीर्षक अन्तर्गत विभिन्न तहका सरकारलाई गरिएको हस्तान्तरण समेत समावेश छ । पुस मसान्तसम्म १ खर्ब ९० अर्ब हस्तान्तरण भएको तथ्यांक छ । यस अवधिमा सार्वजनिक ऋण कारोबारमा १ खर्ब ५५ अर्ब १५ करोड खर्च भएको देखिएको छ ।

कार्यकारी र विधायीका निकाय, आर्थिक तथा वित्तीय र वैदेशिक मामिलामा ३८ अर्ब ६१ करोड खर्च भएको छ । सामान्य सेवा शीर्षकमा १८ अर्ब २३ करोड खर्च भएको अर्थ मन्त्रालयले जनाएको छ । सामान्य प्रशसनिक खर्च अघिल्लो आव सोही अवधिको तुलनामा ३.०१ प्रतिशत बढेको छ । गत वर्ष ३ खर्ब ९१ अर्ब बराबर खर्च भएको थियो ।

सरकारले चालु आव १९ खर्ब ६४ अर्ब ११ करोड बराबर बजेट कार्यान्वयन गरिरहेको छ । यसमध्ये ६ महिनामा भएको कुल बजेट खर्च ३५.१४ प्रतिशतमात्र हो । जसमध्ये चालु प्रकृति खर्च ४१.२५ प्रतिशत, पूँजीगत खर्च १२.१२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ४०.९५ प्रतिशत खर्च भएको छ । गत वर्षको तुलनामा यस वर्ष ६ महिनामा कुल बजेट खर्च ३.३९ प्रतिशत बढेको छ ।

**रक्षामा २८ अर्ब, सार्वजनिक शान्ति सुरक्षामा साढे ३६ अर्ब**

पहिलो ६ महिना अवधिमा सरकारले रक्षा शीर्षकमा मात्र २८ अर्ब ३३ करोड ६७ लाख खर्च गरेको छ । यो रकम सैनिक सुरक्षा, नागरिक सुरक्षा र अन्यत्र वर्गीकरण नभएको गरी कुल खर्च हो ।

रक्षा खर्चसमेत गत आव सोही अवधिको तुलनामा ५.९४ प्रतिशत बढेको छ । गत आव पुस मसान्तसम्म रक्षा खर्च २६ अर्ब ७४ करोड बराबर थियो । सार्वजनिक शान्ति सुरक्षामा भने ६ महिनामा ३६ अर्ब ५० करोड रुपैयाँ खर्च भएको छ । यो रकम प्रहरी सेवा, अग्नि नियन्त्रण सेवा, न्यायालय, कारागार, सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास र अन्यमा खर्च भएको हो । सार्वजनिक शान्ति सुरक्षातर्फको बजेट खर्च ३.३० प्रतिशत बढेको तथ्यांकले देखाएको छ ।

**आर्थिक मामिलामा साढे ६९ अर्ब खर्च**

६ महिनामा सरकारले आर्थिक मामिला शीर्षकमा ६९ अर्ब ४० करोड बराबर बजेट खर्च गरेको छ । यस्तो शीर्षकको खर्च गत आव सोही अवधिको तुलनामा ११.०९ प्रतिशतले गिरावट आएको छ । सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला, कृषि, वन, मत्स्यपालन तथा शिकार, इन्धन तथा ऊर्जा, खानी, उत्पादन र निर्माण, यातायात, सञ्चार, अन्य उद्योग, अनुसन्धान र विकास तथा अन्य शीर्षकमा भएको खर्च यसमा राखिएको छ । गत वर्ष यो शीर्षिकमा ६ महिना अवधिमा ७८ अर्ब ६ करोड खर्च भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# तुलसी घिमिरेको 'पहाड' नयाँ वर्षमा प्रदर्शन हुने

काठमाडौं/तुलसी घिमिरेको निर्देशनमा बनेको फिल्म 'पहाड' आउँदो नयाँ वर्षको दिन प्रदर्शन हुने भएको छ । सोमबार निर्माण पक्षले बैशाख १ गतेलाई फिल्मको प्रदर्शन मिति तय गरेको हो । यसअघि फिल्मलाई कात्तिक ७ गते (भाइटीकाको भोलिपल्ट) प्रदर्शन गर्ने तयारी गरिएको थियो । तर, तिहारमा धेरै फिल्म आउने भएपछि निर्माताले प्रदर्शन स्थगित गरेका थिए ।

भाग्यरत्न फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा मदनकृष्ण श्रेष्ठ, स्व. सुनिल थापा, विपिन कार्की, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, सलोना बज्राचार्यलगायतका कलाकारहरूको अभिनय रहेको छ । निर्देशक घिमिरेले आफ्नी कान्छी छोरी पञ्चमीलाई यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यु गराएका छन् । यसमा पञ्चमीको जोडी अरुणसँग बाँधिएको छ ।

ओजस्वी केसीको निर्माणमा तयार भएको यस फिल्मलाई प्रमोद प्रधानले छायांकन गरेका हुन् । भारतमा थुप्रै फिल्म, वेब सिरिज र टेलिफिल्म छायांकन गरिसकेका प्रधानले निर्देशक घिमिरेसँग यसअघि 'अन्याय', 'कोसेली', 'चिनो' र 'दक्षिणा'मा सहकार्य गरेका थिए । 'पहाड'मार्फत उनको नेपाली फिल्मको छायांकनमा तीन दशकपछिको पुनरागमन हो ।

निर्देशक घिमिरेले युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई फिल्ममा चित्रण गरिएको बताएका छन् । उनी भन्छन्, 'मानव बसोबास विहीन बनेको उच्च पहाडको कथा यसमा समेटिएको छ ।

फिल्मले हाम्रो दायित्व र देशको आवश्यकतालाई चित्रण गर्छ । फिल्म हेरिरहँदा दर्शकले आफ्नोपन र आफ्नो कथा पाउनुहुन्छ ।'

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

गुणस्तरीय स्वास्थ्यउपचारदेखि गाँजाखेतीको वैधानिकता प्रमुख प्राथमिकतामा

# प्रलोपाका उम्मेदवारको प्रतिबद्धतापत्र सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ प्रगतिशील लोकतान्त्रिक पार्टीको तर्फबाट मकवानपुरका दुबै क्षेत्रका उम्मेदवारले प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् ।

सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै क्षेत्र नं. १ का उम्मेदवार तेजप्रसाद उप्रेती (रमेश) र क्षेत्र नं. २ का उम्मेदवार सन्तोष विष्टले प्रतिबद्धता सार्वजनिक गरेका हुन् । दुबै उम्मेदवारले आफ्नो प्रतिबद्धतापत्रमा व्यवस्थित सहरीकरण, पूर्वाधार विकास, गुणस्तरीय स्वास्थ्यउपचारदेखि गाँजाखेतीलाई वैधानिकता दिन पहल गर्नेसम्मका विषय समेटिएका छन् । हेटौंडाको मुख्य बजारक्षेत्रमा स्मार्ट ट्राफिक म्यानेजमेन्ट र वैज्ञानिक पार्किङस्थल निर्माण गरिने, डुबानको समस्या हल गर्न आधुनिक ढल विकासको गुरुयोजना लागु गर्ने, फोहोरमैलालाई मलमा रुपान्तरण गर्न आधुनिक प्रशोधन केन्द्र स्थापना गर्ने, विद्युतीय तारलाई भूमिगत गर्ने क्षेत्र नं. १ का उम्मेदवार उप्रेतीले बताए ।

उनकाअनुसार कान्तिलोक पथलाई आगामी २ वर्षभित्र निर्माण सम्पन्न गरी काठमाडौँको वैकल्पिक लाइफलाइन बनाइने, बागमती र बकैया खोलाका सबै रणनीतिक स्थानमा दुई वर्षभित्र पक्की पुल निर्माण गर्ने, सडक सुरक्षाको लागि ट्र्याकिङ सिस्टम र सिसी क्यामेराको सञ्जाल विस्तार गरिनेछ । हेटौंडा औद्योगिक क्षेत्रका रुग्ण उद्योगलाई पिपिपि मोडलमा पुन: सञ्चालन गर्ने उप्रेतीको प्रतिबद्धता रहेको छ । एक वडा एक उत्पादन र सीपमुलक तालिम केन्द्र स्थापना गरी नयाँ उद्योग स्थापना गर्दा ५ वर्षसम्म स्थानीय करमा ५० प्रतिशत छुट दिने नीति




लिइने उनले बताए ।

'औद्योगिक क्षेत्रको प्रदुषण नियन्त्रणको लागि इफ्लुएन्ट ट्रिटमेन्ट प्लान्ट अनिवार्य गरिनेछ' उप्रेतीले भने, 'स्टार्ट अप गर्न चाहने युवाका लागि बिनाधितो सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ ।' प्रत्येक वडामा कृषि एम्बुलेन्स र संकलन केन्द्र स्थापना गर्ने, किसान सहकारी बजार मोडेल लागु गर्ने, बागमती र बकैया क्षेत्रमा लिफ्ट सिंचाइको व्यवस्था गर्ने, हेटौंडामा ठुलो क्षमताको कोल्ड स्टोरेज निर्माण गर्ने विषयलाई उप्रेतीले आफ्नो प्रतिबद्धतापत्रमा उल्लेख गरेका छन् । उनले हेटौंडा अस्पताललाई शिक्षण अस्पतालको रुपमा स्तरोन्नति गर्ने, क्यान्सर, मिर्गौला र मुटुरोग जस्ता जटिल बिरामीका लागि स्थानीयस्तरमै उपचार कोष बनाइने, स्वास्थ्य बीमाबाट पाइने औषधि सहज बनाइने प्रतिबद्धता व्यक्त गरे ।

'सरकारी विद्यालयको भौतिक पूर्वाधार सुधार गरी नमुना विद्यालयको रुपमा विकास गरिनेछ' उनले बताए, 'हरेक सामुदायिक विद्यालयमा उच्चगतिको इन्टरनेट र डिजिटल ल्याव अनिवार्य गरिनेछ ।' मातृभाषामा शिक्षा लिन चाहने अल्पसंख्यक समुदायका लागि विशेष व्यवस्था गर्ने उनले बताए । हेटौंडालाई हरियाली सहर बनाउन एकघर दुई वृक्ष अभियान चलाइने, राप्ती र बकैया खोलामा वैज्ञानिक तटबन्ध निर्माण गर्ने, चुरेक्षेत्रको संरक्षणको लागि वृक्षरोपण गर्ने उनको प्रतिबद्धतामा उल्लेख गरिएको छ ।

वन्यजन्तुको आक्रमण रोक्न जंगलको सीमानामा विद्युतीय तारबार गरिने, सामुदायिक वनलाई पर्यापर्यटन र आयआर्जनको केन्द्रको रुपमा विकास गर्ने, वनक्षेत्र नजिकका बस्तीमा वन्यजन्तु पूर्वसूचना प्रणाली जडान गरिने प्रतिबद्धता पत्रमा समेटिएको छ । मकवानपुरको इतिहास झल्कने संग्रहालय स्थापना गर्ने, मकवानपुरगढीलाई पर्यटकीय हब बनाउन प्रतिबद्धता उप्रेतीको छ । गौरीटार रंगशालाको निर्माणकार्य यथाशक्य छिटो सम्पन्न गर्ने, खेलकुद एकेडेमी स्थापना गर्ने उनले बताए । 'प्रत्येक वडामा युवा सूचना तथा खेलकुद केन्द्र र जिमखाना निर्माण गरिनेछ' उप्रेतीले बताए, 'मकवानपुरलाई खेलकुद पर्यटनको केन्द्र बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता गराइनेछ ।'

क्षेत्र नं. २ का उम्मेदवार विष्टले गरिबी अन्त्य, शिक्षा, स्वास्थ्य, कृषिलाई मुख्य प्राथमिकतामा राखेका छन् । गरिब परिवारलाई सबै अवसरमा पहिलो प्राथमिकता दिलाइने प्रतिबद्धता व्यक्त गरेका विष्टले कक्षा १२ को शिक्षा नि:शुल्क र प्रभावकारी बनाइने, राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा सजिलै प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति निर्माण गर्ने उल्लेख गरे । उनकाअनुसार हरेक पालिकामा कम्तिमा १५ शैयाको अस्पताल सञ्चालन गरिनेछ । 'नागरिकको स्वास्थ्य तथ्याङ्क अद्यावधिक गरेर आवश्यक उपचार प्रबन्ध गरिने' विष्टले बताए, 'हरेक वडास्तरीय एम्बुलेन्स सेवा सञ्चालन गरी पालिका अस्पताल वा ठुलो अस्पतालमा उपचारको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

त्यसैगरी विष्टले नपुग हुने खाद्यवस्तु आयात र धेरै हुने खाद्यवस्तु बिक्री गर्न पालिका सहकारी सहकार्य प्रणाली विकास गरी एकवर्ष पालिकालाई चाहिने अति आवश्यक खाद्यवस्तु सञ्चित गरिने प्रतिबद्धता व्यक्त गरे । मकवानपुरको क्षेत्र नं. २ मा गाँजाखेती र त्यसबाट बन्ने औषधिलगायत वस्तुहरु उत्पादन गर्न तथा दुरुपयोग हुन नदिन ऐन कानुनको तर्जुमा गर्ने उनको प्रतिबद्धता रहेको छ । 'हरेक पालिकाको भौगौलिक अवस्थितिको वैज्ञानिक तथ्याङ्क लिएर उपयुक्त उच्च मूल्यका कृषिवस्तु उत्पादन, पशुपालन र प्रशोधन कार्यलाई आधुनिक उद्यम व्यवसायको रुपमा पुन: संरचना गरी उत्पादन बृद्धि र रोजगारी सृजनाको आधार निर्माण गरिने' उनले उल्लेख गरेका छन् ।

हेटौंडा-काठमाडौं जोड्ने सडकको स्तरोन्नतिलाई पनि प्राथमिकतामा राखेका विष्टले स्थानीय पालिकाको भित्री सडकलाई धुलोमुक्त र हिलोमुक्त बनाउन नालीसहितको कालोपत्रे अभियान चलाइने बताए । स्थानीयस्तरमा आयआर्जन, शिक्षा, स्वास्थ्य र मनोरञ्जनको प्रबन्ध बृद्धि गरी बसाईसराईको दर घटाउने उनको प्रतिबद्धता रहेको छ । मकवानपुर क्षेत्र नम्बर १ बाट परियार सहित १० जना स्वतन्त्र र १३ राजनीतिक दलका गरी २३ उम्मेदवार रहेका छन् ।

# थाहानगरमा तामाङ भाषाबाट मतदाताशिक्षा प्रदान गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ मकवानपुरको थाहा नगरपालिकामा तामाङ भाषाबाट पनि मतदाताशिक्षा प्रदान गरिएको छ । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मत घटाउने उद्देश्यले फागुन ३ गतेबाट मतदाताशिक्षा सुरु गरिएको हो ।

थाहा नगरको १२ वटै वडामा मतदाताशिक्षा सुरु भइसकेको जानकारी दिदै थाहा नगरका अनुगमनकर्ता अनिल लामिछानेले भने-'प्रदेश निर्वाचन कार्यालय हेटौंडाले हामीलाई तालिम दियो र तत्पश्चात् ३ फागुनबाट मतदाता शिक्षा सुरु गरिएको हो ।' थाहा नगरका निर्वाचन सम्पर्क व्यक्ति रहेका लामिछानेले थाहानगरको १२ वटै वडामा स्वयंसेवकमार्फत मतदाता शिक्षा प्रदान भइरहेको बताए । 'हाम्रा स्वयंसेवक समुदायअनुसार छनोट गरिएको हुँदा मातृभाषामा समेत मतदाता शिक्षा दिइरहेका छन्, यसले बदर मत घटाउन मद्दत पुग्छ'-लामिछानेले भने । थाहा नगरमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार तामाङभाषीको बाहुल्यता रहेको छ ।

प्रदेश निर्वाचन कार्यालय हेटौंडाले प्रत्येक वडाका सबैजसो मतदातालाई घरघरमा पुगेर मतदाताशिक्षा दिइने योजनासहित यो कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । मकवानपुरका दशवटै पालिकाबाट एकएक जना अनुगमनकर्ता खटाइएको आयोगले जनाएको छ । प्रत्येक वडाका बालविकास सहजकर्ता वा महिला स्वयंसेविकालाई मतदाताशिक्षा कार्यक्रममा परिचालन गरिएको छ । मतदाताशिक्षा कार्यक्रमको अनुगमन निर्वाचन कार्यालयबाट तालिम पाएका अनुगमनकर्ताले गर्नेछन् । मतदान प्रक्रियालाई सहज, सरल बनाउन, बदर हुने प्रतिशत घटाउनका लागि निर्वाचन कार्यालयले थालेको मतदाताशिक्षा १७ फागुनसम्म सञ्चालन हुने प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद ढकालले बताए ।

स्वयंसेवकले मतदाताको घरबस्तीमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रिया बारेमा जानकारी गराउने उनले बताए । मकवानपुरमा २०७९ को प्रतिनिधिसभा निर्वाचनमा ४ दशमलव ४६ प्रतिशत मत बदर भएको थियो । दुईवटा निर्वाचन क्षेत्र रहेको मकवानपुर १ मा १ लाख ५८ हजार ४३५ मतदाता रहेका छन् भने क्षेत्र नम्बर २ मा १ लाख ५६ हजार ८९९ मतदाता रहेका छन् । मकवानपुरका कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ मा महिला १ लाख ५३ हजार ३७६ र अन्य मतदाता ५ जना रहेका छन् ।

# कांग्रेसको हेटौंडा-४ मा निर्वाचन सम्पर्क कार्यालय उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कांग्रेसले हेटौंडा-४ मा निर्वाचन सम्पर्क कार्यालय उद्घाटन गरेको छ ।

सोमबार एक कार्यक्रमका बीच कांग्रेसको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले निर्वाचन सम्पर्क कार्यालयको उद्घाटन गरेकी हुन् । हेटौंडा-४ स्थित हुप्रचौरको दक्षिण तर्फको एक घरमा ४ नम्बर वडाको निर्वाचन सम्पर्क कार्यालय सञ्चालनमा ल्याइएको हो । प्रतिनिधिसभा सदस्यका उम्मेदवार डीनाले अहिले गाउँसहर सबैतिर कांग्रेसको पक्षमा राम्रो माहौल सृजना भएको बताइन् । 'विशेष महाधिवेशन पश्चात कांग्रेस बदलिएको छ । बदीलएको कांग्रेसले देश बदल्ने योजनासहित अहिले निर्वाचनमा होमिएको छ', उनले भनिन्, 'अहिले कहिँकतै गठबन्धन छैन । कांग्रेसले कांग्रेसलाई मत दिन पाउने अवस्था भएको छ ।'

डीनाले आफू निर्वाचनमा पराजय भएपनि मकवानपुरको विकास र समृद्धिका लागि निरन्तर लागिपरेको दावी गरिन् । जनताबाटै अनुमोदित भएर जनताकै काम गर्नका लागि पुन: प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवार बनेर आएको उपाध्यायको भनाई थियो । नेपाली कांग्रेस हेटौंडा-४ नम्बर वडासभापति हरि पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेसको तर्फबाट समानुपातिक उम्मेदवार पवित्रा विश्वकर्मा, कांग्रेस बागमती प्रदेश सदस्य प्रदीप कोइराला, हेटौंडा उपमहानगर सभापति उत्सव इटेनीसहितका नेताको आतिथ्यता रहेको थियो । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कांग्रेसले आफ्नो अभियानलाई तीव्र बनाएको छ ।

# बागमतीका खानेपानी मन्त्री तामाङलाई पितृशोक

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङलाई पितृशोक परेको छ ।

सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-४ थकनीस्थित आफ्नै निवासीमा मन्त्री तामाङका पिता श्रीमान तामाङको निधन भएको हो । नेपाली कांग्रेसका क्रियाशील सदस्य समेत रहेका श्रीमान तामाङको ८३ वर्षको उमेरमा निधन भएको हो । मन्त्री तामाङका पिता केही समयदेखि अस्वस्थ रहेका थिए । मस्तिष्कघातबाट पीडित श्रीमान तामाङ नियमितरुपमा चिकित्सकको सम्पर्कमा रहेका थिए ।

उनको तामाङ विधि अनुसार मेलम्ची-४, थकनीस्थित ओखेनीचौरमा दाहसंस्कार गरिने मन्त्री तामाङका स्वकीय सचिव दीपेश खनालले जानकारी दिए ।

# किसानका समस्यालाई समाधान गर्ने परियारको प्रतिबद्धता




साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ मकवानपुर क्षेत्र नम्बर १ का स्वतन्त्र उम्मेदवार अमिक परियारले निर्वाचन घोषणापत्र सार्वजनिक गरेका छन् ।

हेटौंडा-१६ चिसापानीमा आयोजित पत्रकार सम्मेलनमार्फत् सोमबार उनले घोषणापत्र सार्वजनिक गरेका हुन् । कृषिलाई मुख्य प्राथमिकतामा राख्दै परियारले घोषणापत्र सार्वजनिक गरेका हुन् । फागुन २१ गते हुने निर्वाचनमा काउली चुनावचिह्न लिएर निर्वाचनमा उठेका परियारले किसानका समस्या समाधान गर्न आवश्यक कानुन निर्माण गर्ने प्रतिबद्धता जनाए । उनले कृषिउद्योग तथा व्यापारक्षेत्रमा वार्षिक पाँच हजार जनालाई रोजगारी उपलब्ध गराउने, प्रत्येक वडामा कृषिउपज खरिदकेन्द्र स्थापना गरी वैज्ञानिक मूल्य निर्धारण गर्ने योजना अघि सारेका छन् ।

२० वर्ष, १५ वर्ष र १० वर्षदेखि कृषिमा आबद्ध भएका किसानको ऋण मिनाहा गर्ने, अनुदान कार्यक्रम सञ्चालन गर्ने तथा भूमिहीन किसानलाई जमिन उपलब्ध गराउने, कृषिबीमा कार्यक्रमलाई प्रभावकारी बनाउने घोषणापत्रमा उल्लेख गरिएको छ ।

प्रत्येक महिनामा वडास्तरमै जनता र सांसदबीच प्रत्यक्ष संवाद सञ्चालन गर्ने प्रतिबद्धता परियारले गरेका छन् । कृषिक्षेत्रमा उल्लेख्य बजेट विनियोजन हुँदै आएको भएपनि किसानको समस्या ज्यूँका त्यूँ रहेको उनको भनाइ छ ।

किसानका वास्तविक समस्या समाधान गर्न आफूले उम्मेदवारी दिएको परियारले दाबी गरे । मकवानपुर क्षेत्र नम्बर १ बाट परियार सहित १० जना स्वतन्त्र र १३ राजनीतिक दलका २३ उम्मेदवार रहेका छन् ।

# किसानको छोरा हुँ, तपाईंहरुको विश्वास जित्नेछु: बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ नेकपा (एमाले) का उम्मेदवार महेश बर्तौलाले मकवानपुर-२ का मतदातासँग आफूलाई विश्वासको मतदिन अपिल गरेका छन् ।

कैलाश गाउँपालिकाको अम्बाटारमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै बर्तौलाले आफू यहीँको माटो र भूगोल बुझेको किसानको छोरा भएको बताए । 'कतिपय उम्मेदवारलाई मकवानपुर-२ मा कति वटा वडा छन् भन्ने समेत थाहा छैन, उनीहरु च्याटजिपिटीमा खोजेर जवाफ दिन्छन्,' उनले भने, 'म यहीँको धुलो र पानीमा हुर्किएको मान्छे हुँ, त्यसैले यहाँका जनताको भावना र आवश्यकता नजिकबाट बुझेको छु ।' उनले आफू बाहिर बाट आयात गरिएको नेता नभई यहीँको समाजमा घुलमिल व्यक्ति भएको उल्लेख गरे । 'जनताको घर दैलो, खेतबारी, खोलानाला र गाउँको समस्या मेरो आफ्नै जस्तै हो,' उनको भनाइ थियो ।

बर्तौलाले निर्वाचित भएपछि 'कैलाश-राक्सिराङ समृद्धि विशेष कार्यक्रम' सञ्चालन गरी गरिबी निवारण, पूर्वाधार विकास र रोजगारी सिर्जनामा विशेष पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले विकासलाई नारामा सीमित नराखी व्यवहारमा उतार्ने अठोट दोहोऱ्याए । सभालाई सम्बोधन गर्दै बर्तौलाले भावनात्मकरूपमा भने, 'मकवानपुर-२ मेरो घर हो । यहाँको भविष्य सुरक्षित र समृद्ध बनाउने जिम्मेवारीबाट म पछि हट्ने छैन ।' केन्द्रीय सदस्य भारती पाठकले मकवानपुरको समग्र विकास, स्थायित्व र उज्ज्वल भविष्यका लागि महेश बर्तौलालाई विजयी गराउन मतदातासँग अपिल गरिन् । कैलाश गाउँपालिकामा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै नेतृ पाठकले बर्तौला स्वच्छ छवि, इमानदार र जनताको घरदैलोमा भिजेका नेता भएको उल्लेख गरिन् ।

उनले भनिन्, 'यो भूगोललाई नजिकबाट बुझेको, जनताको पीडा आफ्नै जस्तै ठानेर काम गर्ने नेतृत्व आजको आवश्यकता हो । त्यो पात्र महेश बर्तौला नै हुनुहुन्छ ।' पाठकले मकवानपुर-२ लाई अब राजनीतिक प्रयोगशाला होइन, विकासको नमुना क्षेत्र बनाउनुपर्ने बताउँदै त्यसका लागि सक्षम र प्रतिबद्ध नेतृत्व आवश्यक रहेको धारणा राखिन् । 'हामीलाई भाषण गर्ने होइन, परिणाम दिने नेता चाहिएको छ,' उनले भनिन्, 'बर्तौलासँग स्पष्ट दृष्टिकोण, अनुभव र इमान्दारिता छ ।' उनका अनुसार बर्तौला जनमुखी सोचका, सरल स्वभावका र संगठन तथा जनताबीच बलियो सम्बन्ध राख्ने नेता हुन् ।

'जनताको विश्वास जितेको नेताले मात्र विकासको नेतृत्व गर्न सक्छ,' पाठकले जोड दिइन्, 'त्यसैले मकवानपुरको समृद्धिका लागि महेश बर्तौलालाई जिताउनु अपरिहार्य छ ।' पाठकले यो निर्वाचनलाई मकवानपुरको दिशा तय गर्ने महत्वपूर्ण अवसरकारुपमा चित्रित गर्दै मतदातालाई विवेकपूर्ण निर्णय गर्न आग्रह गरिन् । 'हामी भावनामा होइन, भविष्यको योजनामा मतदान गरौँ,' उनले भनिन्, 'हाम्रो मतले हाम्रो भोलि बनाउँछ ।'

# मतपत्रसहितका सामग्री निर्वाचन क्षेत्रमा पठाइँदै

सुदूरपश्चिम/आगामी प्रतिनिधिसभा निर्वाचनका लागि कैलालीका लागि मतपत्रसहितका निर्वाचन सामग्री आइपुगेको छ ।

प्रदेश निर्वाचन कार्यालय कैलालीका प्रमुख प्रेमराज भट्टले जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रका लागि समानुपातिक निर्वाचनतर्फको र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फको मतपत्रसहितका निर्वाचन सामग्री आइपुगेको जानकारी दिए ।

'मङ्गलबारसम्म सबै निर्वाचन क्षेत्रमा मतपत्रसहितको सामग्री पुऱ्याउने गरी काम धमाधम भइरहेको छ' उनले भने ।

कैलालीको निर्वाचन क्षेत्र-१ मा एक लाख आठ हजार ४९१, क्षेत्र-२ मा एक लाख सात हजार ७५७, क्षेत्र-३ मा एक लाख नौ हजार १२२, क्षेत्र-४ मा एक लाख १५ हजार १४३ र क्षेत्र-५ मा एक लाख १० हजार ५३९ गरी कूल पाँच लाख ५१ हजार ५२ मतदाता छन् । निर्वाचनका लागि जम्मा ५१ प्रकारका निर्वाचन सामग्री आवश्यक पर्नेमा ३७ प्रकारका सामग्री प्रदेश निर्वाचन कार्यालयबाट र बाँकी १४ प्रकारका निर्वाचन सामग्री केन्द्रबाट आपूर्ति गर्ने व्यवस्था गरिएको छ । फागुन ६ गतेदेखि मतदान अधिकृतका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन हुँदैछ । निर्वाचनको तयारीको क्रममा सोमबारदेखि सुदूर पश्चिम प्रदेशभरिका सबै वडामा ७३४ मतदाता शिक्षा स्वयंसेवी परिचालन गरेर मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ ।

खटिएका मतदाता शिक्षा स्वयंसेवीले विद्यालयका साथै घर दैलो कार्यक्रममार्फत मतदाता शिक्षा दिन थालेका छन् । यही फागुन १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । प्रतिनिधिसभातर्फ १६ निर्वाचन क्षेत्र रहेको सदूरपश्चिम प्रदेशमा राजनीतिक दलका र स्वतन्त्र गरी २०६ जना चुनावी प्रतिस्पर्धामा छन् ।

**नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?**

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।**

**सम्पर्क: ९८५१०२४८६८**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना